इति.पु. ११०

भाषा चण्डी

प्रकाशक

जनार्दन आचार्य

भाषा चण्डी

अनुवाद रचनाकार

तथा

प्रकाशक

जनार्दन आचार्य

सुन्दरादेवी, नुवाकोट

भाषा चण्डी

अनुवाद रचनाकार

तथा

प्रकाशक

जनार्दन आचार्य

सुन्दरादेवी, नुवाकोट

प्रथम संस्करण

संख्या– १०००/– प्रति

मिति– श्रीपञ्चमी २०४६ वि. सं.

मूल्य– १५/–

Acc. 22148 / 22148

(सर्वाधिकार अनुवादकमा सुरक्षित)

मुद्रक:– विकास प्रिन्टिङ्ग प्रेस (धर्मपथ)

मेरो भन्नु

कुनैपनि धर्म र संस्कृतिलाई आँखा चिम्लेर मान्नु भन्दा त्यसको वास्तविक स्वरुप पत्ता लगाएर मात्र पछि लाग्नु बढी उपयुक्त देखिन्छ । हाम्रो हिन्दु परम्परा अनुसार हाम्रा विभिन्न देवी-देवताहरुको प्रार्थना संस्कृत भाषामा नै गरिन्छ । देवी-देवताका चरित्र सम्बन्धी वर्णनहरु पनि संस्कृतमा नै आबध्द छन् । यसमा के देखिन्छ भने, जुन वेला समाजमा संस्कृत भाषा बोली-चालीको भाषा थियो, त्यस समयमा तात्कालीन चलन–चल्तीको भाषामा नै धार्मिक ग्रन्थहरु तयार गरिएका थिए। तर समयको प्रवाहको साथ–साथै भाषामा पनि परिवर्तन आयो। आज समाजमा संस्कृत भाषाको मूल्य जति बढेर गएको भए तापनि यो भाषा जन–जिब्रोदेखि टाढिँदै गएको छ तर हाम्रा धर्मग्रन्थहरु भने संस्कृतमा नै आबध्द छन् । जसको फलस्वरुप यिनका बहुमूल्य उपदेशहरु जनसाधारणले बुझ्न नसकी यो के हो र यसलाई पढेर के पाइन्छ ? भन्ने जनविश्वास भएको मैले अनुभव गरेकोछु । त्यसैले मैले यो दुर्गा सप्तसती नामक ग्रन्थलाई उही छन्दमा नेपाली भाषामा अनुवाद गरेकोछु । हुन त यसमा कतिपय त्रुटिहरु होलान् र भाषिक दृष्टिकोणले पनि असुद्धिहरु पाइदैनन् भन्न सकिदैन, ता पनि मेरो यो पहिलो प्रयास र मैले यसमा कथ्य भाषालाई नै प्रोत्साहन दिएको हुँदा नेपाली भाषाका विद्वानहरुले यसमा भएका कमजोरीहरुको सम्बन्धमा केही सुझाव दिनु भएमा मेरो लागि ग्राहय हुनेछ ।

मेरो यस कार्यको निम्ति श्री केशव अर्यालको प्रेरणा, श्री पुरुषोत्तम कुईकेल र सुश्री रेनु वैष्णवको सहयोगले जुन स्थान ओगटेको छ, त्यो म कदापि बिर्सन सक्तिन। यसैगरी यस पुस्तकको सम्बन्धमा आफ्ना अमूल्य शब्दहरु व्यक्त गरिदिनु भएकोमा प्रा० श्री चेतोनाथ शर्मा आचार्य तथा श्री लम्बोदर न्यौपानेप्रति म आभारी छु ।

जनार्दन आचार्य

— मन्तव्य

दक्षिण एशियाली साँस्कृतिक महासंघ

पोष्ट बक्स नं. ११९ बिशालनगर, काठमाडौं ।

South Asian Cultural Federation

Bishal Nagar, Kathmandu, Nepal.

G. P. O. Box No. 119

समयानुकूल भाषा शैलीमा हाम्रो धर्म र संस्कृतिको व्याख्या गरी जनसाधारणमा यसको मूल्य बोध गराइरहनु हामी हिन्दुहरुको महान दायित्व हो । यसदायित्वलाई पुरा गर्न आजको जन आकांक्षा अनुसार अति मीठो शैलीमा श्री जनार्दन आचार्यले तयार गर्नु भएको यस पुस्तकले श्री दुर्गा भवानीप्रति नेपालीहरुको जनविश्वास झन बढा-एको जस्तो मलाई लागेको छ । आशा छ मलाई जस्तै समस्त नेपाली हिन्दुधर्मावलम्वीहरुलाई यस पुस्तकले आफ्नो धर्मप्रतिको महान विश्वास प्रदान गर्नेछ ।

लम्वोदर न्यौपाने

वि. सं. २०४६ । १० । ११ संदस्य सचिव

'भजे भवान्याऽरुण पादपङ्कजम्'
प्रस्तुत अनुवादप्रति आफ्नो मन्तव्य–

मूल या सिद्धान्तरूपमा परमात्मा एकै भए पनि व्यावहारीक भनौं या कार्यकारिरूपमा उनका वहुनाम र बहुरूप प्रसिद्ध छन् । त्यसैले वैदिक धर्म संस्कृतिमा उनका सवैनाम र सवैरूपको भजन, कीर्तन, पूजा उपासना गर्ने पद्धति प्रसिद्ध छ। यसो हुन र गर्नमा व्यावहारिक आवश्यकताको साथ रुचिगत भिन्नता र स्वभावगत विविधतापनि कारण मानिएकोछ। यसरी रूचि भनौं या स्वभाव अनुसार चयन गरेर देवदेवीको पूजा उपासना गर्ने स्वतन्त्रता (छुट) अन्य धर्ममा उति देखिदैन, तर वैदिक धर्म–संस्कृतिमा भने वहुविध रूपका देव-देवीहरूमा पाँच प्रमुख मानिन्छन् ती हुन् गणेश, सूर्य, देवी, शिव र विष्णु । संयुक्त रूपमा भन्दा यिनलाई पञ्चायतन भनिन्छ । युग अनुसार उक्त पंचयतनको पूजा उगासनामा पनि शीघ्रकारिता, दीर्घकारिता जस्ता भेद स्वीकार गरिएका छन् अर्थात् कुनै देवदेवीको । पूजा उपासना अपेक्षाकृत चाँडै सिद्ध हुने र कुनैको चाँहि ढिलो गरेर मात्र । जहाँसम्म अहिलेको कलियुगको प्रशन छ, यतिबेर देवी चण्डिका र विनायक गणेश चाँडै खुशीहुने र सिद्धि दिने देवता मानिएका छन् । 'कलौ चण्डी विनायकौ' जस्ता वाक्य वा श्लोक द्वारा ।

ती दुईमापनि उत्पादिका मातृरूप देखि लिएर श्री ऐश्वर्यकी स्वामिनी लक्ष्मी, विद्याबुद्धिकी अधिष्ठात्री सरस्वती र विनाश एवं संहारकी अधिष्ठात्री महाकाली स्वरुप सम्म व्याप्त भगवती चडिकाको प्रभाव एवं महत्व बढी छ। त्यस्ती भगवतीको महत्व एवं चरित्र उल्लेख गर्ने साहित्यिक सम्पति, वेद, पुराण, तन्त्रशास्त्र एवं आयुर्विज्ञान सम्म नै व्याप्त छ। त्यस्ता साहित्यिक सम्पत्ति मध्ये मार्कण्डेय पुराण अन्तरगतको दुर्गा सप्तशती पनि एक हो। महापुराण अन्तर्गतको संख्यामा

मार्कण्डेय पुराण सातौं रहेको छ । कलेवरको दृष्टिले यो पुराण त्यती ठूलो छैन । १३४ अध्याय र ९०० श्लोक" भनिएतापनि अहिले प्राप्त संख्या ६९०० मात्र छ । त्यसमध्ये देवी माहात्म्य वर्णनगर्ने सप्तशती चण्डी ८१ अध्याय देखि ९३ अध्याय सम्म पर्दछ ।

सम्पूर्ण शरीरमा मुटुको, इन्द्रियहरुमा आँखाको प्रमूखस्थान रहे-जस्तै ग्रन्थ वा पुराणहरुमा कुनै अंशले प्रमूख स्थान राखेको पाइन्छ । सम्पूर्ण महाभारतमा गीता हृदय स्थानीय महत्वपूर्ण अंश मानिन्छन् भने पुरै मार्कण्डेय पुराणमा चण्डी पनि त्यतिकै महत्वको मानिन्छ । विषय प्रतिपादनको दृष्टिले भगवद्‌गीताको फाँट बढी विस्तृत देखिएला, तर देवी माहात्म्य वर्णनमा प्रमुखता राख्ने सप्तशती पनि कम खँदिलो देखिदैन । गीताले क्षर अक्षरको विवेचना गरेर परमात्म तत्वको निर्धा-रण गरे झैं सप्तशतीमा पनि 'एकैवाहं जगत्यत्र द्वितीयाकाममापरा' भनेर एकात्मवादी अक्षरतत्वको निर्धारण भएकोछ ।

गीतामा ६-६ अध्यायको तीन षटक भए झैं सप्तशती चण्डीमा प्रथम, मध्यम र उतम गरी तीन चरित्रको उल्लेख छ । गीतालाई अद्वैत, द्वैत, विशिष्टाद्वैत कर्मयोगी आदि सबै सम्प्रदायले आ-आफ्नो समझ अनुसार व्याख्या गरे झैं सप्तशतीलाई पनि सामान्य, मध्यम र रहस्यपूर्ण रुपमै व्याख्या गर्न सकिन्छ र गरिएकै पनि पाइन्छ । सुरथ, समाधि, मेधा, महिष, चण्डमुण्ड, रक्तबीज जस्ता नाम एकै व्यक्ति परक मात्र होईनन् । भगवती दुर्गा र उनका विभूति रुपवाट अनेक दानवीशक्ति र आसुरी स्वभावलाई दलन र मर्दन गर्दै अघिवढेको सप्तशतीको कथान-कले ओजस्वी जीवनको मूर्तरुपलाई छर्लङ्ग पार्दछ । गोरखाको शाह–वंशमा शक्ति संचार गराउने मूलश्रोत यही थियो । जीवनमा आईपर्ने झोझ झमेला, आपत कष्ट, धक्का, मुक्का आदिवाट त्रस्तबनी पलायन वादी जीवन गुजार्नेलाई सप्तशतीको कथानकले शक्ति संचार गराउँदछ, उत्साह भर्दछ ।

भगवद् उपासनाका दुई पक्ष या मार्ग छन् ती हुन् सकाम र निष्काम। सुरथ राजाले सकाम भक्तिको प्रतिनिधित्व गरेका छन् भने समाधि वैश्यले निष्काम भक्तिको। यसो हुनु स्वभाविक पनि छ। किनभने पहिला पात्र सुरथले स्वेच्छया राज्य छाडेको नभएर शत्रुको हमला मन्त्रीहरुको वेइमानीले वलात् हार स्वीकारेर छोड्नुपरेकोहुँदा उनकोर त्यस प्रतिको आकर्शण छुटेको थिएन। वासना विलाएको थिएन। तर अर्का भक्त समाधि वैश्यको भने आफैंले जोरेका उब्जाएका स्त्री पुत्रहरु-बाटै तिरस्कृत वनी घरबाट निस्कनु परेको हुँदा उठेको जो वैराग्य छ, त्यो आन्तरिक थियो। यथार्थ थियो, त्यसैले उनी निरिच्छ थिए। उपासकको भावना र ईच्छा अनुसार देवीले यौटालाई राज्य पुनः कब्जामा आउने र पछि गएर आठौं मनु समेत हुने वरदान दिइन् भने निष्काम भक्त समाधिको वैश्यलाई चाहिं ज्ञान प्राप्तहुने वरदान दिइन्। यो घटना दोश्रा मनु 'स्वारोचिषको' पालाको हो। चण्डी र रुद्री वैदिक धर्म संस्कृतिको अनुयायी हिन्दु समाजमा सबभन्दाबढी परिचित पुस्तक, हुन्। यिनको पाठ था अनुष्ठान जुनसुकै वेसा र खासगरी रुद्री श्रावणमा र चण्डी नवरात्रमा गर्ने छलन छ। यसबाहेक जन्मदिन ग्रहादिको दोष, महामारीको पीडा समनको लागि पनि यिनको पाठ गरिन्छ; गराइन्छ। त्यतिमात्र नभएर नयाँ घरको शुद्धि, मृतक व्यक्तिको शुद्ध शान्ति, कुनै स्थान विशेषको शुद्धिकरण आदिमा पनि उक्त दुवै पुस्तकको पाठ गरिन्छ। शक्ति रुपिणी देवी र शक्तिमान शिवसित सम्वद्ध रुद्री र चण्डी कर्मकाण्डमा प्रथम स्थान राख्दछन्। सम्पूर्ण शिव मन्दिरमा रुद्री र देवी पिठ वा मन्दिरमा चण्डी पाठ गरिन्छ। यी दुवैको साङ्गोपाङ्ग पाठगर्न जानकारीका साथ सावधानी, संयम, शुद्धता आदिपनि त्यतिकै चाहिन्छ।

अङ्ग सहित सम्पूर्ण चण्डी सम छन्दमा कसैले नेपालीमा अनुवाद गरेको मलाई थाहाछैन। अहिले एकजना उत्साही विद्यार्थी युवकले यतमा जाँगर निकालेको देखियो। स्नातक परीक्षामा प्रथम श्रेणीमा

मार्कण्डेय पुराण सातौं रहेको छ। कलेदरको दृष्टिले यो पुराण त्यती ठूलो छैन। १३४ अध्याय र ९०० श्लोक" भनिएतापनि अहिले प्राप्व संख्या ६९०० मात्र छ। त्यसमध्ये देवी माहात्म्य वर्णनगर्ने सप्तशती चण्डी ८१ अध्याय देखि ९३ अध्याय सम्म पर्दछ।

सम्पूर्ण शरीरमा मुटुको, इन्द्रियहरुमा आँखाको प्रमूखस्थान रहे-जस्तै ग्रन्थ वा पुराणहरुमा कुनै अंशले प्रमूख स्थान राखेको पाइन्छ। सम्पूर्ण महाभारतमा गीता हृदय स्थानीय महत्वपूर्ण अंश मानिन्छन् भने पुरै मार्कण्डेय पुराणमा चण्डी पनि त्यतिकै महत्वको मानिन्छ। विषय प्रतिपादनको दृष्टिले भगवद्गीताको फाँट बढी विस्तृत देखिएला, तर देवी माहात्म्य वर्णनमा प्रमुखता राख्ने सप्तशती पनि कम खँदिलो देखिदैन। गीताले क्षर अक्षरको विवेचना गरेर परमात्म तत्वको निर्धारण गरे झैं सप्तशतीमा पनि 'एकैवाहं जगत्यत्र द्वितीयाकाममापरा' भनेर एकात्मवादी अक्षरतत्वको निर्धारिण भएकोछ।

गीतामा ६-६ अध्यायको तीन षटक भए झैं सप्तशती चण्डीमा प्रथम, मध्यम र उतम गरी तीन चरित्रको उल्लेख छ। गीतालाई अद्वैत, द्वैत, विशिष्टाद्वैत कर्मयोगी आदि सबै सम्प्रदायले आ-आफ्नो समझ अनुसार व्याख्या गरे झैं सप्तशतीलाई पनि सामान्य, मध्यम र रहस्यपूर्ण रुपमै व्याख्या गर्न सकिन्छ र गरिएकै पनि पाइन्छ। सुरथ, समाधि, मेधा, महिष, चण्डमुण्ड, रक्तबीज जस्ता नाम एकै व्यक्ति परक मात्र होईनन्। भगवती दुर्गा र उनका विभूति रुपवाट अनेक दानवीशक्ति र आसुरी स्वभावलाई दलन र मर्दन गर्दै अघिवढेको सप्तशतीको कथानकले ओजस्वी जीवनको मूर्तरुपलाई छर्लङ्ग पार्दछ। गोरखाको शाह-वंशमा शक्ति संचार गराउने मूलश्रोत यही थियो। जीवनमा आईपर्ने झोझ झमेला, आपत कष्ट, धक्का, मुक्का आदिवाट त्रस्तबनी पलायन वादी जीवन गुजार्नेलाई सप्तशतीको कथानकले शक्ति संचार गराउँदछ, उत्साह भर्दछ।

भगवद् उपासनाका दुई पक्ष या मार्ग छन् ती हुन् सकाम र निष्काम। सुरथ राजाले सकाम भक्तिको प्रतिनिधित्व गरेका छन् भने समाधि वैश्यले निष्काम भक्तिको। यसो हुनु स्वभाविक पनि छ। किनभने पहिला पात्र सुरथले स्वेच्छया राज्य छाडेको नभएर शत्रुको हमला मन्त्रीहरुको बेइमानीले वलात् हार स्वीकारेर छोड्नुपरेकोहुँदा उनकोर त्यस प्रतिको आकर्शण छुटेको थिएन। वासना विलाएको थिएन। तर अर्का भक्त समाधि वैश्यको भने आफैंले जोरेका उब्जाएका स्त्री पुत्रहरुबाटै तिरस्कृत वनी घरबाट निस्कनु परेको हुँदा उठेको जो वैराग्य छ, त्यो आन्तरिक थियो। यथार्थ थियो, त्यसैले उनी निरिच्छ थिए। उपासकको भावना र ईच्छा अनुसार देवीले यौटालाई राज्य पुनः कब्जामा आउने र पछि गएर आठौं मनु समेत हुने वरदान दिइन् भने निष्काम भक्त समाधिको वैश्यलाई चाहिं ज्ञान प्राप्तहुने वरदान दिइन्। यो घटना दोश्रा मनु 'स्वारोचिषको' पालाको हो। चण्डी र रुद्री वैदिक धर्म संस्कृतिको अनुयायी हिन्दु समाजमा सबभन्दाबढी परिचित पुस्तक हुन्। यिनको पाठ था अनुष्ठान जुनसुकै वेसा र खासगरी रुद्री श्रावणमा र चण्डी नवरात्रमा गर्ने छलन छ। यसबाहेक जन्मदिन ग्रहादिको दोष, महामारीको पीडा समनको लागि पनि यिनको पाठ गरिन्छ ; गराइन्छ। त्यतिमात्र नभएर नयाँ घरको शुद्धि, मृतक व्यक्तिको शुद्ध शान्ति, कुनै स्थान विशेषको शुद्धिकरण आदिमा पनि उक्त दुवै पुस्तकको पाठ गरिन्छ। शक्ति रुपिणी देवी र शक्तिमान शिवसित सम्वद्ध रुद्री र चण्डी कर्मकाण्डमा प्रथम स्थान राख्दछन्। सम्पूर्ण शिव मन्दिरमा रुद्री र देवी पिठ वा मन्दिरमा चण्डी पाठ गरिन्छ। यी दुवैको साङ्गोपाङ्ग पाठगर्न जानकारीका साथ सावधानी, संयम, शुद्धता आदिपनि त्यतिकै चाहिन्छ।

अङ्ग सहित सम्पूर्ण चण्डी सम छन्दमा कसैले नेपालीमा अनुवाद गरेको मलाई थाहाछैन। अहिले एकजना उत्साही विद्यार्थी युवकले यतमा जाँगर निकालेको देखियो। स्नातक परीक्षामा प्रथम श्रेणीमा

उत्तीर्ण गरेका यी विद्यार्थीको नाम हो, जनार्दन आचार्य । करीव तीन-चार वर्षदेखि वाल्मीकि विद्यापीठमा अध्यन गर्दै रहेका यी अनुवादकले सरल रुपमा सप्तशती चण्डीको साङ्गोपाङ्ग सामान्य भाव प्रस्तुत कृतिमा उतारेका छन् ।

सम छन्दमा गरेको यो नेपाली अनुवाद त्यति परिष्कृत र आकर्षक नलाग्ला जति लाग्नुपर्ने थियो । त्यसकोलागि कलमचलेका संस्कृतज्ञ कविलेखकहरुको अलिकति सहयोग लिन सकेको भए अझबढी राम्रो हुदो हो । तर पनि ३५–३६ दिनको छोटो अवधिमै सप्तशती जस्तो उच्चभक्तिग्रन्थको यति सरल र सम छन्दमै अनुवादगर्ने विद्यार्थी जनार्दनको प्रयास स्तुत्य छ । व्यक्तिले गर्ने जुनसुकै कामकुरा आफ्नो क्षमता र कुशलता अनुसार गर्ने हो, त्यो प्रस्तुत अनूदित कृतिमा गरिएकै छ । यसरी संस्कृत भक्तिसाहित्यको नेपाली भाषामा जस्तातस्तै अनुवादगर्ने जनार्दन आचार्यले उदाहरणीय काम गरेर देखाएका छन् भन्ने लाग्दछ ।

अन्तमा अनुवादकको परिश्रम, बुद्धि र कवित्व शक्तिले भविष्यमा अझबढी परिष्कृत र परिपक्क रचना दिदै जानेछ भन्ने कामना व्यक्त गर्दछु ।

प्रा० चेतोनाथ शर्मा आचार्य

थापाथली, बबरमहल ।

०४५।९।१६

प्रार्थना

अहो ! कहाँ मन्दमती म झुत्रो
कहाँ भवानी गुण–गान त्यत्रो ।
तथापि यो पागल हास्य पात्र
सानो–तिनो तर्खर गर्छ मात्र ।१।

श्रोताहरूले कति भक्तिभाव
गरेर पाए जसको प्रसाद ।
यसैगरी धेर महर्षि सिद्ध
ज्ञानी भए नाम जपी प्रसिद्ध ।२।

राजाहरूले कति राज्य पाए
संसारमा कीर्ति खुबै फिजाए ।
आपत्तिपर्दा युगमा अनेक
भयौ तिमी आश्रय शक्तिएक ।३।

कुकर्म अज्ञान त दैत्य दानव
हुन् देवता ज्ञान सुकर्म ती सब ।
मुमा ! तिमी नाश गरेर दैत्यको
विज्ञानको ज्योति जगाउ भित्र त्यो ।४।

न ता चढायो धन यो गरीबले
के तत्व जानोस् ! पटमूर्खले हरे !
न ध्यान नै गर्दछ चञ्चले मन
छ के ममा ? आजगरौं समर्पण ।५।

न ता गरें कीर्तन भक्तिगान
न ता छु चोखो न छ न्यास ध्यान ।
तथापि आसा करुणा गरेर
उठाउ ! यो बालक हो भनेर ।६।

भएछ यो जीवन नै असार
परीरहेकोछु म लम्पसार ।
आधार मेरो अरू छैन कोही
विलाप गर्दैछु म आज रोई ।७।

दुर्गा भवानी अब एतिखेर
समानभाया सबमा गरेर ।
गर्दैनगर्ने रति पक्ष–पात
ऐश्वर्य सम्पन्न बढाउ हात ।८।

दुर्गा कवच

यो चण्डी-कवचको ऋषि ब्रम्हा, छंद अनुष्टुप, देवता चामुण्डा, न्यासमा बताइएका मातृकाहरू वीज हुन्, दिग्बन्ध देवता तत्वहुन्, जगदम्वाको खुसीको निम्ति चण्डीपाठको अङ्गको रूपले जपमा विनियोग गरिन्छ ।

ॐ ।। चण्डिकालाई नमस्कार छ ।
मार्कण्डेय भन्नुहुन्छ ।

रक्षा संसारको गर्ने मन्त्र जो अति-गोप्य हो ।
मलाई भन्नुहोस् बाजे ! जो कसैमा भनिन्नथ्यो ।१।

ब्रम्हा भन्नु हुन्छ ।

छ बाबु ! एउटा गोप्य गर्ने संसारको हित ।
दुर्गा-कवच यो राम्रो सुन लौ त्यो क्रमसित ।२।

पैली हिमालकी छोरी दोस्री हुन् ब्रम्हचारिणी ।
तेस्री हुन् चन्द्र घण्टा र कूष्माण्डा क्रम चारकी ।३।

पाँचौ कुमारकी आमा छैटौं कात्यायनी उनी ।
सातौं ता कालरात्री हुन् महागौरी त आठकी ।४।

नवौं सिद्धिदिने देवी नवदुर्गा भनीकन ।
ब्रम्हाबाट सबै नाम भनियो यो क्रमसंग ।५।

आगाले डढ्नलागेमा शत्रुले घेरिदा पनि ।
ठूलो संकटमा पर्दा जान्छन् शरणमा भने ।६।

अनिष्ट सब नासिन्छन् लडायींमा पुगेपनि ।
आपत्ति, डर, सुर्ता र दुःखनाश हुने छ नि ।७।

भक्तिले ध्यान जो गर्छ ठूलो ऐश्वर्य पाउँछ ।
सधैं सम्झ्योभने देवी हुन्छ त्यस्को बचाउ त ।८।

राँगोमाथि त वाराही चामुण्डा प्रेत-पीठमा ।
हात्तीमा चढ्दछिन् ऐन्द्री वैष्णवी ता गरुडमा ।९।

माहेश्वरी त गोरुमा कौमारी छिन् मयूरमा ।
लक्ष्मी कमलको फूलमाथि छिन् पद्म-हातमा ।१०।

गोरी ती ईश्वरी बस्छिन् गोरुमाथि रमाउँदै ।
हाँसमा बस्दछिन् ब्राम्ही गहना धेर लाउँदै ।११।

यस्ता यी शक्ति-सम्पन्न देवीहरू अरूपनि ।
रत्न आभूषणैले ती बसेकाछन् सजोवरी ।१२।

देखिन्छन् यी सबैदेवी रिसाई रथमा बसी ।
शंख, चक्र, गदा, शक्ति हलो र मुसलै लिई ।१३।

खेटक, बञ्चरो, पाश तोमर औ यसै गरी ।
त्रिशूल कुन्तक शार्ङ्ग-अस्त्र शस्त्र सबै सजी ।१४।

शस्त्र धारणको ध्येय दैत्यमार्नु र भक्तको ।
सारा त्रास हटाएर श्रोताको हितगर्नु हो ।१५।

अघोर पौरखी महारौद्रालाई प्रणाम छ।
उत्साही बलियी त्रास नास्नेलाई सलाम छ।१६।

हेर्नै नसकिने देवी बचाऊ! शत्रु वर्द्धिनी।
ऐन्द्रीले पूर्वमा आग्नेयमा ती अग्निशक्तिले।१७।

दक्षिनैमा त वाराही खड्गबोक्ने त नैऋर्ती।
वारुणी पश्चिमैमा वायब्यमा मृगवाहिनी।१८।

कौमारी उत्तरैमा ईशानमा शूलधारिणी।
ब्रम्हाणीले उँभो रक्षा गरुन् मनितर वैष्णवी।१९।

रक्षा सर्वत्र चामुण्डा गरुन् ती प्रेतवाहिनी।
अगाडि ती जयाले र पछाडि विजया अनि।२०।

बायाँ ती अजिताले र दायाँमा अपराजिता।
टुपी उद्योतिनी राखुन् उमा रक्षा गरुन् शिर।२१।

मालाधरी निधारैको आँखीभौंको यशश्विनी।
नाकको यमघण्टा र त्रिनेत्रा भृकुटी पनि।२२।

शङ्खिनी मुन्तिर केही कानको द्वार वासिनी।
गालाको कालिकाले र जर्बुटाको त शाङ्करी।२३।

नाकमाथि सुगन्धा र माथिल्लो ओठ चर्चिका।
तल्लोको अमृतकला जिब्राको ती सरस्वती।२४।

कौमारी दाँत जम्मैको घाँटीको चण्डिका त्यहाँ।
माहामाया त तालु चित्रघण्टा रुद्रघण्टिना।२५।

कामाक्षीले त च्युँडोको बोलीको सर्वमङ्गला ।
गलाको भद्रकाली र डडाल्नोको धनुर्धरी ।२६।

नीलग्रीवा सबै घाँटी नलीको नलकूबरी ।
काँधको खड्गिनीले र हातको बज्रधारिणी ।२७।

दण्डीनीले दुबै हत्केला औंलाहरू अम्बिका ।
नङ शूलेश्वरीले र कोखाको ती कुलेश्वरी ।२८।

दुबै स्तन महादेवी मनको शोकनाशिनी ।
चित्तको ललिता देवी पेटको शूलधारिणी ।२९।

गुह्येश्वरी गुदाको र नाइटोको त कामिनी ।
पूतना-कामिका लिङ्ग (योनि) गुदा महिष वाहिनी ३०

कटी भगवतीले र घुँडाको विन्ध्यवासिनी ।
महाबला त जाँडको सबै इच्छा पुऱ्याउने ।३१।

कुर्कुच्चा तैजसी गोलीगाँठा शक्ति नृसिंहकी ।
गोडाका सब औंला श्री पैताला तलवासिनी ।३२।

नङ द्रंष्टाकराली र कपाल उर्ध्व केशिनी ।
कौबेरी फेदमा रौंका छाला वागीश्वरी अनि ।३३।

मासु रगत बोसो र हाडको गर पार्वती ।
आन्द्राको कालरात्री र पित्तको मुकुटेश्वरी ।३४।

कफ चूडामणी पद्मावती आधार चक्रको ।
ज्वालामुखी नङ ज्योति अभेद्या सब गाँसको ।३५।

ब्रम्हाणी शुक्रको यस्तै छाया छत्रेश्वरी अनि ।
मन–बुद्धि अहङ्कार बँचाउन् धर्मधारिणी ।३६।

प्राणादि वायु पाँचैको वज्रहस्ता गरुन् हित ।
कल्याणी अम्बिका मेरो प्राणरक्षागरुन् नि त ।३७।

रस रूप तथा गन्ध शब्द स्पर्श त योगिनी ।
सत्वादि गुण तीनैको रक्षा नारायणी गरुन् ।३८।

आयु जोगाउ बाराही बचाउ धर्म वैष्णवी ।
यश–कीर्ति तथा लक्ष्मी धन विद्या त चक्रिणी ।३९।

इन्द्राणी गोत्रको रक्षा पशुको गर चण्डिका ।
छोराहरू महालक्ष्मी पत्नी (पति) जोगाउ भैरवी ।४०

गोरेटो सुपथाले र बाटो क्षेमकरी अझै ।
दरवार–महा–लक्ष्मी विजयाले जतातत्तै ।४१।

रक्षाले हीन जो ठाउँ आएन कवचै पढी ।
जोगाउ सब ठाउँमा जयन्ती पापनाशिनी ।४२।

खोजे भलो विनापाठ नसार्नु एक पाइलो ।
पढी कवच जोहिड्ला गरौं आफ्नो भनी भलो ।४३।

जहाँजाला उतैहोला कार्य सिद्धि धनागम ।
जे-जे चाहन्छ त्यो सान्छे त्यो त्यो पाउँछ निश्चय ।४४।

युद्धमा विजयीहोला होला निर्भय लोकमा ।
पढ्दा कवच त्यो पूज्य हुनेछ तीन लोकमा ।४५।

दुर्गा कबच यो जो छ द्यौताको पनि दुर्लभ ।
जो पढ्‌ला नित्य श्रद्धाले दिनको तीनपल्ट त ।४६।

दैवी शक्ति मिली होला नहानें त्यो कुनैसित ।
सयवर्ष बढी बाँच्ला बाधामुक्त मनासित ।४७।

रोग ब्याधि हुने छैनन् लुतो र खटिराहरू ।
हुने चराचरैबाट नासिन्छन् बिष ती अरू ।४८।

पृथ्वीमा जति हुन्छन् ती मन्त्र–तन्त्र टुनामुना ।
हिड्‌ने, उड्‌ने र पानीमा पौडने देवजातका ।४९।

साधेका कुलका माला बोक्सी र डङ्किनी तथा ।
घुम्ने आकाशमा धेरै डाइनी घोररूपका ।५०।

पिचास ग्रह औ भूत यक्ष गन्धर्ब राक्षस ।
ब्रम्ह राक्षस वेताल कूष्माण्ड सब भैरव ।५१।

कवच चित्तमा राख्नेलाई देखेर भाग्दछन् ।
राज सन्मान पाएर तेज वृद्धि हुनेछ झन् ।५२।

ख्याति प्राप्तभई कीर्ति पाउला लोकमा हुने ।
गरी कवचको पाठ चण्डी–पाठ गऱ्यो भने ।.३।

जबसम्म रहन्छन् यी पृथ्वी डाँडा र जङ्गल ।
तबसम्म रहन्छन् ती शाखा–सन्तान ब्यापक ।५४।

देवीको करुणाले त्यो हुन्छ कल्याण निश्चित ।
मरेर पनि त्यो पुग्ला द्यौता भन्दा उँभोतिर ।५५।

पाई सुन्दर त्यो रूप खुशी-राजी बनेर पो ।
बस्नेछ शिवको साथ भाग्यमानी मनुष्य त्यो ।५६।

अर्गलास्तोत्र

यो अर्गलास्तोत्र मन्त्रको ऋषि विष्णु हुन्, छंद अनुष्टुप हो, देवता महालक्ष्मी हुन् । श्री जगदम्बाको खुशिको लागि चण्डी-पाठको अंगको रूपले जपमा विनियोग गरिन्छ ।

ॐ चण्डिकालाई नमस्कार

मार्कण्डेय अज्ञागर्नुहुन्छः–

जयन्ती ! मंगला ! काली ! भद्रकाली ! कपालिनी !
दुर्गा ! क्षमा ! शिवा! धात्री! स्वाहा! स्वधा! प्रणाम छ ।१।

चामुण्डा जय होस् तिम्रो जयहोस दुःखनाशिनी ।
जयहोस सर्बब्यापीको कालरात्री ! प्रणाम छ ।२।

मार्ने असुर ब्रम्हामा खुसी हुने ! प्रणाम छ ।
शत्रुनाशी यश कीर्ति रूप देऊ ! मुमा अब ।३।

मारी महिष ती भक्त उद्धार्नेमा प्रणाम छ ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।४।

चण्डमुण्ड तथा रक्तबीजलाई पछारने ।
शत्रु नाशी यस कीर्ति रूप देउ ! मुमा अब ।५।

शुम्भ निशुम्भ मार्ने र धुम्राक्ष दैत्य नाशने ।
शत्रुनाशी यस कीर्ति रूप देऊ ! मुमा अव ।६।

पूजित पाउ सौभाग्य जति जम्मै दिने तिमी ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।७।

सम्झी नसकिने रूप चरित्र शत्रु नाशने ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।८।

चण्डिका पापनाशीको पाउमा भक्तिले झुकी ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।९।

हे रोगनाशिनी चण्डी ! जो स्तोत्र गर्छ भक्तिले ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।१०।

चण्डिका जो सँधै तिम्रो गर्छ पूजा त भक्तले ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।११।

देऊ ! सौभाग्य आरोग्य मलाई सुख देउ न ! ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।१२।

मेरा शत्रु निमोठेर धेरैशक्ति ममा भर ! ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।१३।

मेरो कल्याण गर्दै ती सम्पत्ति दिनुहोस् सबै ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।१४।

देवता दैत्यका ताज आमा ! तिम्रा परेँ पग ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।१५।

विद्या, कीर्ति तथा लक्ष्मी दिनुहोस् भक्तमा सब ।
शत्रु नाशी यस कीर्ति रूप देऊः मुमा अब ।१६।

चण्डिका दैत्यघाती ! यो शरणागतमा अब ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।१७।

ब्रम्हा बन्दित औ चारहातकी परमेश्वरी ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।१८।

विष्णुबाट सर्वस्तोत्र गरिने अम्बिका तिमी ।
शत्रु नाशी यस कीर्ति रूब देऊ ! मुमा अब ।१९।

प्रशंसा शंकरैबाट पाएकी परमेश्वरी ।
शत्रु नाशी यस किर्ति रूप देऊ ! मुमा अब ।२०।

ईन्द्रले भक्तिकासाथ पूजेकी ईश्वरी तिमी ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।२१।

बलिया दैत्यका गर्व पार्ने धूलो-पिठो तिमो ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।२२।

देबी ! भक्तहरूलाई दिन्छयौ आनन्द सर्वदा ।
शत्रु नाशी यस कीर्ति रूप देऊ ! मुमा अब ।२३।

सुन्दरी (उज्याली) दिनुहोस्
पत्नी (पति) सुशीला र घरानकी ।
आफ्नै झैं मनकी सारा
दुःखबाट उतारने ।२४।

पढेर अर्गला स्तोत्र जो चण्डी पाठ गर्दछ ।
चण्डीको जप संख्याको फल ऐश्वर्य पाउँछ ।२५।

कीलक

यो कीलक मन्त्रको शिव ऋषि हुन्, अनुष्टुप छन्द हो, महासरस्वती देवता हुन् । श्री जगदम्बा रिजाउनको निम्ति चण्डी पाठको अङ्गको रूपले जपमा विनियोग गरिन्छ ।

चण्डिकालाई नमस्कारः

मार्कण्डेय आज्ञा गर्नुहुन्छः

आँखा ती बेद तीनै छन् शरीर शुद्धज्ञान छ ।
कल्याण प्राप्तिको लागि शिवलाई प्रणाम छ ।१।

सिद्धिमा श्रापको बाधा नास्छ यो जान्नु पर्दछ ।
निरन्तर जपे यस्लेपनि कल्याण गर्दछ ।२।

उच्चाटन भई सिद्ध दिन्छ यो बस्तु दुर्लभ ।
पढी यो मात्र नै देबी सिद्ध हुन्छिन् सरासर ।३।

औषधि मन्त्र चाहिन्न सिद्धगर्न कुनै कुरा ।
विनाजप सबै उच्चाटन सिद्ध हुनन् पुरा ।४।

संम्पूर्ण सिद्धहुन्छन्, के उम्दा ? भन्ने उठ्यो जब ।
भन्छन् शिब सबै चण्डीपाठनै श्रेष्ठ हो बुझः ।५।

अनि यो चण्डिका स्तोत्र लुकाएर बसे शिव ।
सकिन्न यसको पुण्य अरुको पो सकिन्छ तः ।६।

पाउला जो सुकैले नि कल्याण निश्चयै निको ।
चतुर्दशी र फेरि अष्टमीमा कृष्णपक्षको ।७।

लिनू प्रसाद सुम्पेर नत्र हुन्नन् खुसी उनी ।
यसरी सिद्धिको वाधा शिवले राख्नुभो थिची ।८।

जो निष्कील गरीं पाठ नित्य गर्ला सफासित ।
गन्धर्ब हुन्छ त्यो मान्छे बस्ला भगवती सित ।९।

हिड्दा–डुल्दा कुनैबाधा पाउँदैन मनुष्यता ।
अल्पमृत्यु हुदैंहुन्न मरेर मोक्ष पाउला ।१०।

जानेर गर्नु आरम्भ नजाने नष्ट हुन्छ त्यो ।
त्यसैले जान्नु यो, गर्छन् जानेर बुद्धिमानले ।११।

लाखी सम्पूर्णमा जो छ सौभाग्य जगतै भरी ।
त्यो हो प्रसाद देवीको, त्यसैले जप्नु यो अति ।१२।

गरे विस्तार थोरै र कराएर गरे बढी ।
फल मिल्छ त्यसैले यो गर्नु उच्च–सफा पढी ।१३।

ऐश्वर्य भाग्य आरोग्य मिल्छ मोक्ष कृपा भई ।
नाशिन्छन् शत्रु यो पाठ नगर्ला को ? खुशी भई ।१४।

★★★

नवार्ण मन्त्र न्यास

यो नवार्ण मन्त्रको ब्रम्हा, विष्णु र रुद्र ऋषिहरू हुन्, गायत्री, उष्णिका र अनुष्टुप् छन्दहरू हुन् । श्री महाकाली, महालक्ष्मी र महासरस्वती देवताहरू हुन् । ऐं बीज हो । ह्रीं शक्ति हो र क्लीं कीलक हो । श्री महाकाली, महालक्ष्मी र महासरस्वतीको प्रसन्नताको निम्ति जपमा विनियोग गरिन्छ ।

ऋष्यादिन्यास

ब्रम्हा विष्णु र रुद्र ऋषिहरूलाई नमस्कार ! (शिरमा छुने)
गायत्री, उष्णिक् र अनुष्टुप् छन्दहरूलाई नमस्कार ! (मुखमा छुने)
महाकाली महालक्ष्मी र महासरस्वती देवताहरूलाई नमस्कार !
(चित्तमा छुने) ऐं बीजलाई नमस्कार :– ··· ··· (गुदामा छुने)
ह्रीं शक्तिलाई नमस्कार ! ·· ··· ··· (दुवै गोडामा छुने)
क्लीं कीलकलाई नमस्कार ! ··· ·· ··· (नाइटोमा छुने)
ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ·· ··· ·· (हात शुद्ध गर्ने)

करन्यास

ॐ ऐं बुढी औंलाहरुलाई नमस्कार (दुवै बुढी औंलामा छुने)
ॐ ह्रीं चोरी औंलाहरुलाई नमस्कार (दुवै चोरी औंलामा छुने)
ॐ क्लीं माझी औंलाहरुलाई नमस्कार (दुवै माझी औंलामा छुने)
ॐ चामुण्डायै साँहिली औंलाहरुलाई नमस्कार (दुवै साँहिली औंलामा छुने)
ॐ विच्चे कान्छी औंलाहरुलाई नमस्कार (दुवै कान्छी औंलामा छुने)
ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे
हातको अगाडी पछाडीलाई नमस्कार (हत्केलाको दुवैतिर छुने)

हृदयादि न्यास

ओं ऐं हृदयलाई नमस्कार !	(हृदयमा छुने)
ओं ह्रीं शिरलाई स्वाहाकार !	(टाउकामा छुने)
ॐ क्लीं शिखालाई वषट्कार !	(टुपीको शिखा छुने)
ॐ चामुण्डायै कवचलाई हुँकार !	(दुवै काँधमा छुने)
ॐ विच्चे तीनै आँखाहरुलाई वौषट्कार !	(आँखा र निधारको वीच्मा छुने)
ओं ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे अस्त्रलाई फट्कार !	(हात पछाडीबाट घुमाएर तालीमार्ने)

अक्षर न्यास

ओं ऐं नमस्कार	(शिखामा छुने)
ओं ह्रीं नमस्कार	(दाहीने आँखामा छुने)
ओं क्लीं नमस्कार !	(देब्रे आँखामा छुने)
ओं चां नमस्कार !	(दाहीने कानमा छुने)
ओं मुं नमस्कार !	(देब्रे कानमा छुने)
ओं डां नमस्कार !	(नाकको दाहीने प्वालमा छुने)
ओं यैं नमस्कार !	(नाकको देब्रे प्वालमा छुने)
ओं वीं नमस्कार !	(मुखमा छुने)
ओं च्चें नमस्कार !	(गुदामा छुने)

(मूलमन्त्र पढी सर्वांश रीरमा छुने)

दिङ् न्यास

ओं ऐं पूर्वलाई नमस्कार !

ओं ऐं आग्नेयलाई नमस्कार !

ॐ ह्रीं दक्षिणलाई नमस्कार !

ॐ ह्रीं नैऋ॔त्यलाई नमस्कार !

ॐ क्लीं पश्चिमलाई नमस्कार !

ॐ क्लीं वायव्यलाई नमस्कार !

ॐ चामुण्डायै उत्तरलाई नमस्कार !

ॐ चामुण्डायै ईशानलाई नमस्कार !

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे उभोलाई नमस्कार !

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे भूमिलाई नमस्कार !

ध्यान

खड्गै शूल गदा छडी शिर धनुष् चक्रै तथा बन्दुक ।
वाणै शंख लिने झपक्क गहना छन् तीन आँखा नि त ।
नीलोवर्ण दशै छ पाउ–मुख सेवा कालिकाको छ र ।
सुत्दा विष्णु भजे हिजो त विधिले मार्ने मधुकैटभ ।१।

हातैमा धनु कुण्डिका कमल औ माला छ रुद्राक्षको ।
लौरो शक्ति गदा गिलास अनि ढालै शंख घंटा निको ।
डोरी शूल र चक्र वाण तरबारै वज्र औ बन्चरो ।
लक्ष्मी भज्छु प्रसन्न जो महिष मार्ने आशर्णै पद्मको ।२।

घण्टा शूल हलो धनुष् मुसल वाणै चक्र शंखै लिने ।
राम्रो त्यो अनुहार ताशरदको चन्द्रै सरी झल्कने ।
गौरीबाट त निस्किई जगतको आधाररुपा बनी ।
मार्ने शुम्भ–निशुम्भ जो सरस्वतीज्यूमा लगाउँ मति ।३।

यस पछि रुद्राक्षको माला लिएर "ऐं ह्रीं रुद्राक्ष मालालाई नमस्कार !" भनेर मालाकी पूजा गरी तलको मन्त्रले प्रार्थना गर्ने :-

ॐ हे माला हे महामाया सम्पूर्ण शक्ति रूपिणी ।
तिमीमा वर्ग चारैछन् बन सिद्धि ममा दिने ।।

ॐ निर्बिघ्न गर हे माला दायाँ यो लिन्छु हातमा ।
जपमा सिद्धिको निम्ति प्रसन्न होउ लौ ममा ।।

ॐ सुसिद्धि देउ ! देउ ! हे सर्व मन्त्रको साधन रूपी सबै साधना सिद्ध गर ! गर ! सम्पूर्ण सिद्धिको कल्पना गर ! गर ! हे अक्षमालाधिपति तिमीलाई मेरो स्वाहा कार छ ।

अब "ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे" यो मूल मन्त्रको १०८ पटक जप गर्ने ।

अत्यन्त गोप्य छ्यौ लेउ ! तिमी मेरो सबै जप ।
मिलोस् सिद्धि ममा तिम्रो दयाले हे महेश्वरी ।।

सप्तसती न्यास

प्रथम, मध्यम र उत्तम चरित्रको ब्रह्मा, विष्णु, र रुद्र ऋषिहरू हुन् । श्री महाकाली महालक्ष्मी र महासरस्वती देवता हुन् । गायत्री उष्णिक् र अनुष्टुप् छन्दहरु हुन् । नन्दा शाकम्भरी र भीमा शक्तिहरु हुन् । रक्तदन्तिका, दुर्गा र भ्रामरी बीजहरु हुन् । अग्नि, बायु र सूर्य तत्वहरु हुन्, ऋग्, यजु र सामवेद ध्यानहरु हुन् । सबैकामना सिद्धिको निम्ति श्री महाकाली, महालक्ष्मी र महासरस्वती देवतालाई खुसी पार्नको लागि जपमा बिनियोग गरिन्छ ।

ओं खड्गशूल गदा चक्र शंखवाण धनुष्लिने
बन्दूक परिघधारी डरलाग्दो स्वरूपकी - बुढी औंलाहरुलाई नमस्कार

ओं शूलले खड्गले हाम्रो रक्षा हे अम्बिका गर
घण्टाको शब्दले फेरि धनुष्टंकारले गर:-चोरी औंलाहरूलाई नमस्कार

ओं पूर्व पश्चिम औ दक्षिणमा श्री चण्डिका गर
घुम्दै शूललिई उत्तरमा ती ईश्वरी गर:- माझी औंलाहरुलाई नमस्कार

ओं ती तीनै लोकमा रूप राम्रा अनि भयङ्कर–
त्यो देखि पनि रक्षा त हाम्रो र विश्वको गर– साइली औंलाहरुलाई नमस्कार

ओं खड्ग शूल गदा आदि ती सबै हातमा लिई
अनेकौं अस्त्रले हाम्रो गर रक्षा महेश्वरी– कान्छी औंलाहरूलाई नमस्कार

ओं सर्व व्यापी र मालिक्नी सम्पन्न सर्व शक्तिले
पार निर्भय हे देवी ! दुर्गालाई प्रणाम छ–हातको दुवै तर्फलाई नमस्कार

ओं खड्गशूल ... ... हृदयलाई नमस्कार ।

ओं शूलले खड्गले .. .. शिरलाई स्वाहाकार ।

ओं पूर्व पश्चिम ... ... शिखालाई वषट्कार ।

ओं ती तीनै लोकमा ... ... आँखाहरूलाई वौषट्कार ।

ओं सर्वव्यापी र मालिक्नी ... ... अस्त्रलाई फट्कार ।

ध्यान

सिंह माथि बसी प्रभा छ विजुली झै रुप तर्साउने ।
बोक्ने ढाल र खड्ग घेर अरु केटीले त सेवित्र् हुने ।।
बोकी चक्र गदा र खड्ग धनु ढालै पाश मुद्रा शर ।
दुर्गा अग्नि समानको त्रिनयना सम्झौं शशि धारिणी ।।

प्रथम अध्याय

यो प्रथम चरित्रको ऋषि ब्रह्मा, देवता महाकाली गायत्री छन्द हो । नन्दा शक्ति हो, रक्तदन्तिका बीजहो, अग्नि तत्व हो, र ऋग्वेद स्वरुप हो । श्री महाकालीको प्रसन्नताको निम्ति प्रथम चरित्रको जपमा विनियोग गरिन्छ ।

ध्यान

खड्गै शूल गदा छडो शिर धनुष् चक्रै तथा बन्दुक ।
वाणै शंख लिने झपक्क महना छन् तीन आँखा नि त ॥
नीलो वर्ण दशै छ पाउ-मुख सेवा कालिकाको छ र ।
सुत्दा विष्णु भजे हिजो त विधिले मार्नँ मधु कैटभ ॥

चण्डिकालाई नमस्कार छ ।

ॐ ऐं मार्कण्डेय मुनि भन्नलाग्नु भयो ।१।

सावर्णि सूर्यका छोरा आठौं मनभए जुन ।
उत्पत्ति उनकोबारे क्रमैले भन्छु त्यो सुन ।२।

माया भगवतीज्यूको कृपाले सूर्य पुत्र जो ।
स्वामी मन्वन्तरैको नै भए भन्दछु लौ म त्यो ।३।

मनु स्वारोचिषैको नै पालामा चैत्र वंशमा ।
सम्पूर्ण धर्तिका राजा भए सुरथ लोकमा ।४।

छोरा तुल्य प्रजालाई धर्मले पाल्दथे तर ।
भए शत्रुहरू राजा कोलाविध्वंसि नामका ।५।

ती ठूला नृपको युद्ध शत्रुसंग भयो कडा ।
अल्पविध्वंसिदेखि नै हारिहाले कठैवरा ।६।

आएर पुरको मात्र राजा बनी बसे जब ।
बढेका शत्रुले बाँकी राखेनन् पुर त्यो अब ।७।

दुरात्मा बलवान् दुष्ट मन्त्रीहरु मिलीकन ।
खजाना धन औ सेना राजधानी लुटे सब ।८।

प्रभुत्व नष्ट ती राजा सिकारैको गरी छल ।
घोडा चढी हिंडे एक्लै घोर जंगलमा तब ।९।

त्यहाँ आश्रम मेधाको देखे शान्त सुशोभन ।
व्याघ्रादि शान्त भै बस्थे अनेकौं शिष्यथे जहाँ ।१०।

सत्कार मुनिलेगर्दा राजा मख्ख परीकन ।
केही दिन बसे राजा यता- उति डुली बन ।११।

ममताले गती राजा सोच्नथाले मनै मन ।
मेरो वंशजको राज्य म बिनाको भयो अब ।१२।

असत्- वृत्ति भएका ती मेरा नोकर-चाकर ।
दुष्ट मन्त्रीहरु शासन धर्मले गर्दछन् न वा ।१३।

मेरा ती बलिया शूरा मत्ताहात्तीहरु अब ।
शत्रुका हातमा पर्दा दुःख खप्दा हुनन् सब ।१४।

खाना नाना भनी मेरो पछिलाग्ने सबै जना ।
अब ती अरुराजाकै पछिलाग्दा भए हुन ।१५।

अतिकष्ट गरी साँचेको खजाना थियो जुन ।
अपब्ययीहरूद्वारा रित्तिदा हुन् दिनँदिन ।१६।

यस्ता कुराहरू राजा सम्झिरन्थे सदादिन ।
कुनैदिन कुनै वैश्य भेटेछन् आश्रमै निर ।१७।

सोधेछन् को तिमी ? यहाँ आएको किन हो भन ?
शोकग्रस्त दुःखी जस्ता देखिएका तिमी किन ?।१८

सुनेर प्रश्न राजाको नम्रभाव गरीकन ।
नमस्कार गरी राजालाई ती वैश्य भन्दछन् ।१९।

वैश्य भन्दछन् ।२०।

समाधि नाम हो मेरो बाबु धेरै धनी थिए ।
लोभीस्त्री–पुत्रले गर्दा घरबाट निकालिएँ ।२१।

स्त्री पुत्र धनले हीन छु सम्पत्ति थिए जति ।
खाएर मित्रले त्यागे बनवासी भए अब ।२२।

म जान्दिन सुखी छन् वा छैनन् स्त्री पुत्र–बान्धब ।
जान्दिन म त ती आज सुखमा छन् कि कष्टमा ।२३।

छोराहरु सदाचारी छन् या दुष्ट भए हुन ।
थाहा कुनै कुरा छैन यत्ति चिन्ता रहयो ममा ।२४।

राजाबाट मर्जी भयो ।२५।

अपराधी तथा लोभी परिवार मिलीकन ।
धनको लोभले गर्दा त्यागिदिए तिमिकन ।२६।

त्यस्ता दुष्ट कुकर्मीमा स्नेह बर्षाउँछौ किन ? ।
ब्यर्थ नै मनमा पीर मान्दछौ किन हो भन ? ।२७।

वैश्य भन्छन् ।२८।

मेरो विषयमा ऐले तपाईले कुरा जति ।
स्नेहले भन्नुभो मेरोलागि त्यो सब ठीकछ ।२९।

के गर्नु चित्तयो मेरो निष्ठुरीत्न कसै गरे ।
जसले पतिको प्रेम पिताको स्नेह नै हरे ! ।३०।

बन्धुत्व भाव त्यागे द्रब्य पिशाची बनी कन ।
यस्ता दुष्टहरूमाथि माया गर्दछ यो मन ।३१।

हे राजन् म त जानेर पनि बुध्दु सरी भएँ ।
अझ दुःखी बनी जस्को निम्ति साह्रै अतासिएँ ।३२

के गरौं प्रेमले हीन त्यस्तामाथि म ता हरे ।
मनले स्नेह गर्छु ठूलो संकटमा परें ।३३।

मार्कण्डेय मुनी आज्ञा गर्नुहुन्छ ।३४।

यसरी त्यो महावैश्य समाधि नामको अनि ।
राजा सुरथ जो शत्रुदेखि थिए पराजित ।३५।

मुनि छेउ दुबैसाथ तत्कालै दाखिला भए ।
गरी आदर सद्भाव साह्रै नम्र भई बसे ।३६।

अनि ता ती दुबै धेरै चिन्ताले ग्रस्त भैकन ।
पारेर मुनिमा बिन्ती बसे शान्त गरी मन ।३७।

राजाबाट ऋषिसंग सोधनी भयो ।३८।

हे नाथ ! एउटा प्रश्न मनमा उब्जिदामहाँ ।
इच्छा सोध्ने भयो मेरो दयादृष्टि रहोस् ममा ।३९।

चञ्चले चित्तले गर्दा मन दुःखी भयो अति ।
हारेको राज्यको स्नेह मेटिएन कसैगरी ।४०।

बुझेर पनि ब्यर्थैमा मूर्ख जस्तो भएँ म ता ।
रहस्य यसमा के छ ? हे मुने ! भन्नुहोस्न त ।४१।

अनि ई वैश्य ता आफ्नै घरबाट निकालिए ।
त्यागे जस्ले उनैमाथि स्नेह वर्षाउँदा भए ।४२।

यसरी नै दुबै हामी दुःखी छौं अति हे प्रभो ! ।
प्रत्यक्ष दोष जानेर पनि माया हुने किन ? ।४३।

ज्ञानी छौं बुद्धिमानी छौं तैपनि मन यो अति ।
मोहले लठ्ठिएकोछ को हो यस्तो गराउने ।४४।

मेरो र वैश्यको चित्तलाई लठ्ठ गराउने ।
अज्ञान मूर्खता जन्म्यो कताबाट अहो ! मुने ।४५।

मुनि आज्ञा गर्नु हुन्छ ।४६।

सारा विषयको ज्ञान सबैमा हुन्छ त्यो बुझ ! ।
तर त्यो कर्म ता भिन्ना-भिन्नै हुन्छ सबै अज्ञ ।४७।

रतन्धाछन् कुनै कोहो दिनमा छन् नदेखने ।
कुनै छन् दिनमा जस्तै रातया उत्ति देखने ।४८।

विवेकी हुन्छ मान्छे नै अरूदेखि अलग्गिने ।
हुन ता ज्ञानवान् हुन्छन् पशु-पक्षीहरू पनि ।४९।

जस्तो ज्ञान छ मान्छेमा पशुमा पनि त्यो छ र ।
मान्छे र पशुमा तुल्य हुन्छन् यस्ता कुरा कति ।५०।

तापनि हेर्नुहोस आज मोहले यो चराहरू ।
खुवाउँछन् बचरालाई आफू भोकै भए पनि ।५१।

अनि ता यी सबै मान्छे आफ्ना छोराहरूसित ।
बदला उपकारैको न खोजी बस्दथे किन ।५२।

तैपनि ममतारूपी मोहको खाडलै महाँ ।
सारा विश्व परेकोछ महामाया प्रभावमा ।५३।

त्यसैले छैन आश्चर्य उनै त्रैलोक्य नाथकी ।
योग निन्द्रा महामाया जगतै लठ्ठ पार्दछिन ।५४।

उनै भगवती देवी ज्ञानीको चेतना पनि ।
मोहमा अलमलाएर राखिदिन्छिन् सधैंभरी ।५५।

यो सारा विश्वलाई नै जन्माउने ममा उनै ।
खुसीमा मुक्तिको लागि वरदान दिने उनै ।५६।

विद्या र मुक्तिको हेतु उनी नै हुन् सनातनी ।
ठूली ईश्वर भन्दा नि उनैहुन् परमेश्वरी ।५७।
राजा प्रश्नगर्न लाग्नु हुन्छ ।५८।

महामाया भनी नाम प्रख्यात लोकमा हुने ।
को हुन् ती ? रूपकस्तोछ यथार्थ पार्नुहोस मुने ।५९।

जन्मिइन् कसरी ? के के कामको उनको ? अनि ।
प्रभाव, रूप कस्तोछ ? उत्पत्ति भो कसो गरी ।६०।

यस्को उत्तर चाहन्छु मुने हजुरबाट नै ।
ब्रम्हज्ञानी तपाई नै छर्लङ्ग पार्नुहोस् सबै ।६१।

ऋषि आज्ञा गर्नुहुन्छ ।६२।

सधैंभरी रहीरवन्छिन् यो विश्व भरमा उनी ।
विश्व नै उनको रूप, उनैमा विश्व यो छ नि ।६३।

तर रूप अनेकौं छन्–त्यो मबाट सबै सुन ।
नित्य छिन् तापनि देवकार्य गर्न भनिकन ।६४।

जन्मिन्छिन् त्यसलाई नै जन्मिएको भनिन्छ र ।
कल्पान्तमा थियो सारा विश्वमा नै जलै जल ।६५।

आफू एक्लै भएकाले थकाइमार्छु लौ भनी ।
शेषको कुण्डलीमाथि भगवान् विष्णुले पनि ।६६।

आश्रय योगमायाको लिएर मस्त भैकन ।
भुसुभुसु निदाएछन्, त्यसैबेला उतातिर ।६७।

कानका पसिनाबाट निस्केछन् मधुकैटभ ।
चढाइगर्न लम्केछन् ब्रह्मा बूढा भए तिर ।६८।

हेर्छन् कमलको फूलमा बसेका प्रजापति ।
यता विष्णु निदाएको, उता असुर उग्रती ।६९।

Acc. 22148
22148

अनि ता चित्त एकाग्र पारी विष्णु जगाउन ।
निद्रारुपी महामायाको लागे गर्न प्रार्थना ।७०।

विश्वको रचना रक्षा गर्छिन् जो नाश औ स्थिति ।
त्यस्ती विष्णु प्रिया निद्राको ब्रह्मागर्दछन् स्तुति ।७१।

ब्रह्मा प्रार्थना गर्नुहुन्छ ।७२

स्वाहा स्वधा वषट्कार तिमी नै स्वर रुपिणी ।
तिमो अमृतकीधारा ओंकार पनि हौ तिमी ।७३।

अनि बिन्दु स्वरुपा र अर्धमात्रा सुमः तिमी ।
सावित्री अनि सन्ध्या यो विश्व कै जननी तिमी ।७४।

तिमी नै जगदाधार रच्ने संसार यो तिमी ।
रक्षा गर्ने तिमी नै हौ नास्ने सम्पूर्ण नै तिमी ।७५।

सुरुमा सृष्टिरुपा र बीचमा विश्व पालने ।
अनि कल्पान्तमा नाश गर्ने संहार-रुपिणी ।७६।

माहामाया, स्मृति, मेधा, महाविद्या स्वरुपिणी ।
महामोह तिमी नै हौ देवीमध्ये बडो पनि ।७७।

प्रकृति रुपले तीनै गुण जन्माउने तिमी ।
कालरात्री, महारात्री, मोहरात्री सबै तिमी ।७८।

श्री ह्रीं र ईश्वरी, बुद्धि तिमी हौ बोधरुपिणी ।
लाज शान्ति र सन्तोष क्षमाको भावना तिमी ।७९।

खड्ग, शूल गदा चक्र शंख वाण धनुष्लिने ।
बन्दुक परिघं धारी डरलाग्दो स्वरूपकी ।८०।

सौम्य सुन्दरता मध्ये असाध्य चम्कने तिमी ।
सबं सुन्दरतालाई जितेको सुन्दरी तिमी ।८१।

परापर दुवैभन्दा माथिकी परमेश्वरी ।
अलग्ग रहने सारा विश्वदेखि परै तिमी ।८२।

हे आमा ! जतिछन् बस्तु साँचा झुटा जगत् भरी ।
शक्ति हौ सबकी, तिम्रो गर्न सक्छु म के स्तुति ।८३।

सृष्टि, पालन संहार गर्ने यी विष्णुलाई नै ।
निद्रामा पारने तिम्रो स्तुति को गर्न सक्छ र ।८४।

शिव विष्णु र मेरो नै उत्पत्ति जसबाट भो ।
यस्तीको प्रार्थनागर्न समर्थ बन्न सक्छ को ? ।८५।

उदार भावनाको कारणैले छ्यौ प्रशंसित ।
हे आमा ! यी दुवैलाई मोहमा पारिद्यौ अब ।८६।

विष्णुलाई जगाएर दुवै असुरको वध ।
गर्ने बुद्धि जगाएर दया दृष्टि ममा गर ।८७।

ऋषि आज्ञा गर्नु हुन्छ ।८८।

दुबको नाशको निम्ति विष्णुलाई जगाउन ।
तमोगुणमयी योगनिद्रालाई रिझाउन ।८९।

यसरी जब ब्रह्माले गरेथे प्रार्थना तब ।
विष्णुको मुख, आँखा र नाकहात तथा मन ।९०।

पक्षस्थलहरुबाट निस्केर दिइदर्शन ।
ब्रह्माको कामना पूर्ण पार्न लागिन् उनी सब ।९१।

निद्राबाट छुटेकाले हाइ–हाइ गरीकन ।
उठेछन् ती जगन्नाथ शेषशायी जनार्दन ।९२।

आँखा खोलेर हेर्छन् ता बलबान भयानक ।
बडा पराक्रमी दुष्ट उन्मत्त मधुकैटभ ।।९३।

राता आँखालगाएर क्रोधले चूर भैकन ।
लागेका पो रहेछन् ती ब्रह्मालाई निमोठन ।९४।

उठेर विष्णुले झट्ट लल्कारेर भने अनि ।
वर्ष पाँच हजारौं ता कुस्तीमात्रै गरे पनि ।९५।

बलले मत्तभैं महामायाको मोहमा परी ।
भन्नलागे दुबैले नै बर्दान माग लौ हरि ।९६।

भगवान् आज्ञा गर्नुहुन्छ ।९७।

खुसी म देखि छौ भैगो ! देऊ वर्दान यो घरी ।
म बाट मर्न तैयार भइहाल छिटोगरी ।९८।

ऋषि आज्ञागर्नु हुन्छ ।९९।

धोकाले ठगिएका ती हेर्नलागे सबैतिर ।
देखी जता ततै पानी विष्णुलाई भने नि त ।१००।

भैगो वर त लेऊ लौ मार्नसक्छौ तिमी अब ।
तर यो जलमा हैन ओबानो ठाउँमा बुझ ।१०१।

ऋषि आज्ञागर्नु हुन्छ ।१०२।

हुन्छ भन्दै दुबैलाई हरिले काखमा लिई ।
चक्रले टाउको चट्ट काटिदिए कठैबरी ।१०३।

यसरी यी महामाया ब्रह्माको प्रार्थना सुनी ।
भइन् प्रकट, यस्तै नै सुन्न सक्छौ अरु पनि ।१०४।

दोस्रो अध्याय

यो मध्यम चरित्रको ऋषि विष्णु हुन् देवता महालक्ष्मी हुन् उष्णिक् छन्द हो, शाकम्भरी शक्ति हो, दुर्गा बीज हुन् तत्व वायु हो र यजुर्वेद स्वरुप हो । श्री महालक्ष्मीको प्रसन्नताको निमित्त जपमा विनियोग गरिन्छ ।

ध्यान

हातैमा धनु कुण्डिका कमल औ माला छ रुद्राक्षको ।
लौरो शक्ति गदा गिलास अनि ढालै शंख घण्टा निको ।।

डोरी शूल र चक्र वाण तरबारै वज्र औ बञ्चरो ।
लक्ष्मी भज्छु प्रसन्न जो महिष मार्ने आशनै पद्मको ।।

ॐ ह्रीं ऋषिले भन्नलागे ।१।

देव दत्य लडे पैले सयौंवर्ष भरी पुरा ।
ज्यौतामा मुख्यथे इन्द्र दैत्यको महीषासुर ।२।

युद्धमा हार खाएर भागेछन् देवता सब ।
महिषासुर पो इन्द्र बनेर बसिगो तब ।३।

ब्रह्मालाई अगौटे नै बनाई देवताहरु ।
विष्णु र शिव थे जहाँ गए तेतै खुरु खुरु ।४।

महिषा सुरको शक्ति अनि आफ्नो दशा पनि ।
देवताले दुबैलाई भन्नलागे कनी कनी ।५।

घाम, जून, हवा, आगो, पानी र यमको पनि ।
खोसेर सबको भाग आफै गर्छ ढलीमली ।६।

गलहत्तो भई स्वर्गबाट हामी सबै अब ।
पृथ्वीमा घुम्दछौं मान्छे जस्तै दुःख गरी सब ।७।

गुनासो यत्ति हो हाम्रो पर्छौं शरणमा सब ।
दैत्यको नाशको निम्ति उपाय रच्नुहोस् अब ।८।

यस्तो सुनी दुबैलाई दैत्यमाथि उठयो रिस ।
आँखिभौं क्रोधले गर्दा टेढिएछन् बलैसित ।९।

अनि ता तेजको मुस्लो विष्णुको मुखदेखि र ।
निस्किए पछि ता ब्रह्मा शिवबाट क्रमैसित ।१०।

इन्द्रादिहरुको देहबाट यस्तै गरीकन ।
निस्केर तेजको ज्वाला एउटैमा मिले सब ।११।

ठूलो प्रकाशको राँको दन्केको पर्वतै सरी ।
देखछन् ता देवता ज्वाला ब्याप्त यो जगतै भरी ।१२।

अतुल्य भैगयो तेजहरुको त्यो समूह त ।
स्त्रीको रुप लिई थाल्यो तीनैलोक प्रकाशन ।१३।

शिवको तेज़ले राम्रो मुख पैदा भयो अनि ।
यमको तेजले केश विष्णुकोले भए कर ।१४।

सोमले स्तनका जोडा कम्मर इन्द्र तेजले ।
तिघ्रा वरुणले उम्रे फिला पृथ्वी प्रकाशले ।१५।

ब्रह्माको तेजले औंला, गोडा ता सूर्य तेजले ।
वसुले हातका औंला नाकचाहिं कुबेरले ।१६।

दाँतका पंक्ति भैहाले प्रजापति प्रकाशले ।
तीनै आँखा भए राम्रा अग्निको उग्र तेजले ।१७।

आँखिभौं तेजसन्ध्याकोले कान वायु–तेजले ।
सम्पूर्ण देवको तेजले देवी जन्मिइन् अरे ।१८।

अनि सम्पूर्णकी शक्तिको पाइकन दर्शन ।
डरबाट भई मुक्त द्यौता खुसी भईकन ।१९।

शूल दिन्छन् निकालेर देवीलाई महेशले ।
चक्रबाट दिएचक्र निकालेर मुकुन्दले ।२०।

शंख वरुणले शक्ति तत्कालै अग्निले दिए ।
वायुले धनु औ वाण–पूर्ण ठोक्रा दुई दिए ।२१।

आफ्नो बज्र निकालेर दिएछन् इन्द्रले अनि ।
हात्तीबाट फुकालेर दिएछन् घण्ट नै पनि ।२२।

यमले दण्ड औ पास खासा वरुणले दिए ।
प्रजाकापतिले माला ब्रह्मा दिन्छन् कमण्डलु ।२३।

सारा रौंमा उज्यालोले पूर्ण पार्छन् दिवाकर।
तरबार तथा ढाल दिन्छन् काल झटा झट।२४।

समुन्द्रले खुबै स्वच्छ हार राम्रा लुगाहरू।
चूँडामणि दुबै रिङ्ग राम्रा कुण्डल ती अरू।२५।

अर्ध चन्द्र दिए स्वच्छ केयुर सब हातमा।
घाँटीको लागि ग्रैवेक गोडाको निम्ति नूपुर।२६।

औंलामा रत्नलेयुक्त औंठी दिए थरी-थरी।
बञ्चरो विश्वकर्माले दिए राम्रो यसै गरी।२७।

अनेक अस्त्र छातीको लागि कवच सुन्दर।
दिए माला बडो राम्रो ताजा कमलको तब।२८।

समुद्रले नयाँफूल दिए कमलको त्यहाँ।
हिमालले बडो सिंह दिए रत्न नयाँ नयाँ।२९।

कुवेरले दिए भाँडो अमृतैले भरिकन।
शेषले मणि सुम्पेर पारिदिए विभूषित।३०।

नागहार दिए विश्व-थामने शेष नागले।
देवताले-सजाएछन् वस्त्रले शस्त्र-अस्त्रले।३१।

गर्जना गर्न लागिन् ता अट्टहास गरीकन।
आकाश घन्कियो सारा गर्जनाले भयङ्कर।३२।

त्यो ठूलो शब्द ता काही अड्न कत्ति सकेन र।
विश्वमा मच्चियो उल्का काँप्न लाग्यो समुद्र त।३३।

हल्लिइन् पृथिवी फेरि थर्किए सब पर्वत ।
जयदेवी भनी गर्जे खुसीले देवता सब ।३४।

नम्र भै भक्तिले स्तोत्र तपस्वी गर्दछन् अरु ।
तीनै लोकमहाँ दैत्य काँमिछन् डरले बरु ।३५।

सैन्य सारा सजाएर हतियार भरी पुरा ।
के भयो लौ ! भनी खूब करायो महिषासुर ।३६।

शब्द आयो जताबाट गयो फौज सबै लिई ।
देख्यो भगवतीलाई थिइन् जो अति तेजिली ।३७।

दबेकी पाउले भूमि उठ्यो मुकुटले नभ ।
धनुको शब्दले सातै पाताल थर्किएछ र ।३८।

हजारौं हातले आठै तर्फ ढाकी बसिन् जब ।
अनि ता दैत्यको साथ संग्राम परिगो तब ।३९।

अस्त्र-शस्त्रहरुले नै ढाकिहाल्यो सबैतिर ।
सेनापति थियो दैत्यहरुको दुष्ट चिक्षुर ।४०।

गर्‍यो चामरले युद्ध ठूलो सेना लिई सँग ।
रथी साठी हजारै ली उदग्र भिडिगो अब ।४१।

रथी करोडले युक्त लड्न थाल्यो महाहनु ।
असिलोमा लड्यो पाँच करोड रथ-युक्त ऊ ।४२।

साठी लाख रथी युक्त पुग्यो वास्कल युद्धमा ।
हात्ती घोडा लिई साथ परिवारितले त्यहाँ ।४३।

रथी करोड संलग्न गर्थ्यो युद्ध भयङ्कर ।
पाँच अर्व लिई सेना विडाल पनि युद्धमा ।४४।

लड्न थाले झिकी फुर्ति यस्तै दैत्य अरू पनि ।
हात्ती रथ र घोडामा पैदलैमा अरू कति ।४५।

लड्दथे ती महादैत्य देवीसंग गरी छल ।
तर कयौं रथी घोडा हात्ती राक्षसको बल ।४६।

सेनाको माझमा मस्त भएर महिषासुर ।
तोमरैं भिन्दिपालैले शक्ति मुसलले पुरा ।४७।

वञ्चरो खड्गले देवीसँग लड्थ्यो खुरु-खुरु ।
कसैले शक्ति छोडे त पाश फ्याँक्थे कती अरु ।४८।

देवी मार्न भनी कयौं लिई खड्ग कुदी गए ।
अनि देवी रिसाएर अस्त्र-शस्त्र लिइन् अरे ।४९।

देवीले ख्याल-ख्यालैमा अस्त्र नष्ट गरिन् सब ।
थाकिनन् तैपनि स्तोत्र गरे देवर्षिले तब ।५०।

दैत्यमाथि बडा अस्त्र-शस्त्र छोडी रहिन् अनि ।
तातेछन् कन्सिरीका रौं देवीको सिंहको पनि ।५१।

दैत्यमाथि गर्‍यो धावा वनको अग्नि झैं त्यहाँ ।
सास फेरिन् भवानीले जति त्यो रणभूमिमा ।५२।

ती सबै सास ता देवी बन्दै निस्के भटा-भट ।
अस्त्र शस्त्र लिई दैत्य-काट्न थाले चटा चट ।५३।

देवीका गणले सारा दैत्य नष्ट गरीकन ।
नाचदै नगरा शंख लाम्रे बाजा बजाउन ।५४।

त्यो ठूलो रणमा कोही तबला पो बजाउँथे ।
त्यसै बेला गदा शक्ति त्रिशूलादि घुमाउथ ।५५।

खड्गले कतिलाई नै मारिदिन्थिन् महेश्वरी ।
घण्टको शब्दले ज्यान लिन्थिन् असुरको कति ।५६।

बाँधेर पाशले कैयौंलाई खूब घिसारदै ।
तरवार घुमाएर दैत्य माथिन् उनी अझै ।५७।

गदाको चोटले दर्गा सुते जमिनमा कति ।
षर्दा मुसलको चोट छाद्थे रगत नै कति ।५८।

शूलले छातीमा लागी लड्थे भैंमा अरू अनि ।
कतिको बाणले लागी भाँचिन्थे कम्मरै पनि ।५९।

बाज जस्ता बडा दैत्य मर्नलागे भकाभक ।
कतिका शिर औ हात काटिइन्थ्ये कटाकट ।६०।

कतिका टाउका खस्थे बीचैमा कति काटिए ।
तिघ्रा न काटिदा धेरै दैत्य पृथ्वीमहाँ लडे ।६१।

कतिलाई त देवीले दुई फ्याक गरी दिइन् ।
टाउको छुट्टिएका ती गिँड नै उठ्दथे कति ।६२।

मुर्कट्टा झै गरी लड्थे हतियार लिई कति ।
नाच गर्थे सुरु कोही बाजाको तालमा पनि ।६३।

धडमात्र लिई खड्ग शक्ति बोक्दै दगुर्दथे ।
पर्खो ! पर्खो ! भनी कोही देवीलाई हकार्दथे ।६४।

मरेका लाश भत्केका रथले भै भरा-भर ।
हेर्न नसकिने भैगो डरलाग्दो रणस्थल ।६५।

हात्ती घोडा तथा दैत्य सेना ती काटिंदा सब ।
नदी-नाला बनी हाले ताता रगतका अब ।६६।

सुकेको घांस आगाले नष्ट पार्छ जसो गरी ।
देवीले दैत्यको सेना नाश पारिन् त्यसै गरी ।६७।

ठाडो जगर पारेर गर्जिन्थ्यो सिंह बेसरी ।
गर्दथ्यो उफ्रदै खेल प्राणलाई टिपे सरी ।६८।

देवीका गणले दैत्यसंग युद्ध गरे त्यति ।
द्यौताले फूल ती राम्रा बर्षाए खुस भै अति ।६९।

तेस्रो अध्याय

ध्यान

चम्की घाम हजार झैं वसन रातो मुण्डमाला अङ्ग ।
रातो चन्दन व्याप्त छन् स्तन र माला ज्ञान रक्षा वर ।।
मुद्रा हातमहाँ र तीन अति राम्रा नेत्र पद्मै सरी ।
रत्नै जून भरी छ ताल कमलैमा बस्दछिन् भज्छु ती ।।

ऋषिले भन्नुभयो ।१।

सेना नायकले हेर्‍यो देख्यो र फौजको क्षति ।
देवीसँग गयो लड्न पाजी चिक्षुर दुर्मति ।२।

लेकमा मेघले पानी वर्षाए झैं गरोकन ।
देवीमाथि महा दैत्य लाग्यो वाण चलाउन ।३।

देवीले सहजै वाण काटेर दैत्यको पनि ।
घोडा र सारथी मारी दिइन् खेले सरी गरी ।४।

धनु काटी ध्वजा अग्लो खसाली जिउ नै भरी ।
वाण हानेर सर्वत्र रोपिन् पीडा हुने गरी ।५।

सारथी रथ घोडा र धनु हीन भएर नि ।
देवीतिर बढ्यो ढाल तरवार लिई अनि ।६।

सिंहको शिरमा चोट लाएर खड्गले अति ।
देवीको हात देब्रेमा हानेछ रिसले त्यति ।७।

हातको स्पर्शले खड्ग भाँचिई भुइमा झर्‍यो ।
रिसले एउटा शूल लिएर फेरि त्यो बढ्यो ।८।

फ्याँक्यो त्यो भद्रकालीमा महा असुरले जब ।
सूर्य झैं चम्कने शूल आएछ जोरले तब ।९।

त्यस्तो देखेर देवीले हानिन् शूल भयङ्कर ।
काटेछ एउटैले नै शूल दैत्य दुबै बुझ ।१०।

सेनापति मरेकोले अर्को दानव चामर ।
हात्तीमाथि चढी युद्ध गर्न आयो सरासर ।११।

त्यसले शक्ति हानेको देखी देवी भई छिटो ।
गर्जना मात्रले शक्तिलाई पारिन् धुलो–पिठो ।१२।

शक्ति नष्ट भएकोले रिसले चूर भैकन ।
शूल हान्यो भयो नष्ट देवीको वाणले पुन ।१३।

देवीको सिंह उफ्रेर हात्तीमाथि चढीवरी ।
कुस्ती पो खेल्न लागेछ जोड–तोड निकै गरी ।१४।

लड्दा लड्दै पुगे भूँमा हात्तीबाट झरीकन ।
रिसले एक अर्कामा दिनथाले दना–दन ।१५।

अनि त्यो सिंह ऊफ्रेर एकैछिन्मा उडेकले ।
दैत्यको ठाउको चट्ट पारिहालेछ वेगले ।१६।

अर्को उदग्र पल्टेछ ढुङ्गा–मूढाहरु परी ।
दाँतले मुड्किले गर्दा कराल पनि गो मरी ।१७।

मारिन् उद्धतलाई ता गदाले अनि वास्कन ।
अन्धक क्रमले भिन्दीपाल र वाणले हरिन् ।१८।

उग्रास्य उग्रवीर्य र अर्को दैत्य महाहनु ।
मरे त्रिशूलले लागी त्रिनेत्राको प्रभावले ।१९।

विडाललाई ता काटिन् तरवार झिकीकन ।
दुर्धर दुर्मुख मारिन् वाण छोडी उसैक्षण ।२०।

आफ्नो सेना ध्वस्त देखेर महिषासुर।
राँगाको रुपले खूब तर्साउने कस्यो सुर /२१/

थुतुनाले कसैलाई कसैमा खुरले दियो /
पुच्छरैले कसैलाई सींगले खूब हान्दथ्यो /२२/

वेगले गर्जिई ठाँठाँ–ठीँठीं गर्दै घुमी–घुमी /
देवीका गण तर्साई गर्न थाल्यो रिमी–झिमी /२३/

पछारी गणका सेना सिंहै मार्न भनी उता
झम्टियो अनि ता खूब रिसाइन् जगदम्बिका /२४/

ऊ पनि खुरले माटो खोस्र्दै गर्जना गरी /
ठूला पर्वत नै फ्याँक्न थाल्यो सींग दुई घसी /२५/

दौड्दा त्यो महादैत्य भइन् पृथ्वी चिरा–चिरा
पर्दा पुच्छरको चोट तर्सियो रे समुद्र ता /२६/

घुमाउँदा दुबै सींग मेघ हुन्थे यता–उती /
नाकको सासले गर्दा ढल्थे डाँडाहरू कति /२७/

यसरी रिसाइ दैत्य आयो देवी भए तिर /
दैत्यको नाश नै पार्न देवीलाई उठ्यो रिस /२८/

पाशले त्यो महादैत्यलाई पाता कसिन जब /
राँगाको रुप छोडेर दैत्य ता हटिगो पर /२९/

आयो सिंह बनी काटिन् टाउको त्यसको पनि /
त्यत्तिकैमा भयो खड्ग धारी पुरुष पो अनि /३०/

छिटै खड्ग उठाएर देवीले हानिथिन् जब ।
अनि ता हात्तीको रुप लिई गर्ज्यो भयङ्कर ।३१।

सूँढले सिंहलाई नै तान्न लाग्यो बलै सित ।
खड्गले सूँढ त्यो चट्ट पारिहालिन् क्रमैसित ।३२।

फेरी त्यो दैत्य राँगाको रुपले भैगयो खडा ।
तर्सायो जगतैलाई पहिले झैं कठैबरा ।३३।

रिसले चूर भै चण्डी जथाभावी पिई मधु ।
आँखा राता लगाएर खिस्स हाँसिदिइन् बरु ।३४।

उता दानव त्यो दुष्ट गर्जेर सींगले अरु ।
डाँडा-काँडा उठाएर हान्न लाग्यो खुरु-खुरु ।३५।

देवीले वाण वर्षाई चूर्ण पारेर पर्वत ।
मदले मत्त भै तोते बोली गर्दै भनिन् तब ।३६।

देवीले भनिन् ।३७।

एकैछिन् गर्जिहाल् मूढ ! पिउँ म जब अमृत ।
मबाट तँ मरी जालास् गर्जलान् देवता सब ।३८।

ऋषि भन्नुहुन्छ ।३९।

एति भन्दै महादेवी दैत्यमाथि चढीकन ।
शूलले घाँटि छेडेर पैतालाले दवाउँथिन् ।४०।

सर्वत्र थिचिएकोले घाँटिबाट गरी बल ।
अर्को रुप निकाल्दैथ्यो देवीले दिइनन् तब ।४१।

आधा शरीर निस्केको पनि लड्थ्यो महासुर ।
तरबार लिई देवीले काटिन् त्यसको शिर ।४२।

हाहाकार ! ! गरी भागे बाँकी दैत्यहरु सब ।
देवता हर्षले साह्रै मख्ख पर्दा भए तब ।४३।

गर्दछन् स्तुति देवीको महर्षि देवता अरु ।
गन्धर्व गाउँथे गीत नाच्दथे अप्सराहरु ।४४।

चौथो अध्याय

ध्यान

हेर्दा वैरी डरे चन्द्र चिनुछ शिरमा मेघ झैं बर्ण कालो ।
शंखै चक्रै त्रिशूलै लिइकन त खुँडा नेत्रछन् तीन राम्रा
सिंहैमा नै चढेकी त्रिभुवनकन ता तेजले झल्ल पार्दी ।
भज्नू ! दुर्गा जया ती हुन सफल सबै देवले घेरिएकी ।।

ऋषि भन्नुहुन्छ ।१।

दुर्गादिबाट मरिगो जब उग्रदैत्य
इन्द्रादि मुख्य सब देवहरु मिलेर
मुण्टो झुकाइ बहुतै गरि नम्रभाव ।
गर्छन् स्तुति सब प्रफुल्ल गराइ अङ्ग ।२।

सम्पूर्ण देवगणको पनि तेज-रुप
ढाक्छयौ फिजइकन शक्ति समस्तलोक
सम्पूर्ण देव-मुनि-पूजित हे भवानो !
गर्छौं सभक्ति सब आज प्रणाम हामी ।३।

जस्को प्रभाव बलको त बखान गर्न
ब्रह्मा–अनन्त–शिवको पनि शक्ति छैन
संसार पालन सबै डर हर्नलाई ।
हे चण्डिका ! गर विशुद्ध मती लगाई ।४।

सम्पति भै सुजनका घरमा र पापी–
लाई दरिद्र अनि साधुमहाँ सुबुद्धि
श्रद्धा त सज्जन र लाज कुलीन माहाँ
गर्छौं प्रणाम जगपाल समस्त आमा ! ।५।

के भन्नु रुप प्रभुको स्मरणै हुँदैन
हुन्छन् प्रचण्ड बलले सब दैत्य चूर्ण
देवी गर्‍यौ ! रणमहाँ जुन त्यो चरित्र ।
झस्केनि दैत्य अनि देवहरु विचित्र ।६।

हेतु समस्त जगको गुण तीन युक्त
ब्रह्मा शिवादिहरुदेखि अझै अनुक्त
आधार विश्व भरकी अनि बीज रुपा ।
आमा समस्त जनकी प्रकृति स्वरुपा ।७।

स्वाहा भनी हवनमा लिइ नाम जस्को
द्यौताहरु सकल तृप्त अघाउँछन् पो
पितृ अघाउन स्वधा भनिदिन्छ लोक ।
दिन्छ्यौ तिमी सकलमा त समस्त थोक ।८।

जो मुक्ति साधन कडा ब्रतको स्वरुप
निर्दोष तत्व बुझने अनि संयमो र
जो मोक्ष खोज्छ उसबाट हुने प्रयास ।
विद्या परा स्वरुपकी त हजूर खास ।९।

ती वेद तीन स्वर शब्दहरु तिमी नै
ऐश्वर्य युक्त गुण तीन मुभा तिमी नै
आमा ! समस्त भय नाश गरी सबैको ।
खेती बनेर सब विश्व बँचाउछ्यौ पो ।१०

मेधा तिमी सकल शास्त्र सिकाउने हौ
दुर्गा तिमी त भव-सागर तारिदिन्छ्यौ
श्री विष्णुको हृदयकी कमला तिमी नै ।
गौरी भई शिवसँगै रहने तिमी नै ।११।

ती चन्द्र विम्ब सरि कोमल छन् मुहार
मुस्कान युक्त अनि कान्ति सुवर्ण-सार
देखेर त्यो महिषले अति स्वच्छ रुप ।
उल्टै स्वयं गरिरह्यो अति उग्र कोप ।१२।

देवी रिसाइकन रुप कराल पारी
तर्साउने किसिमको मुखदेखि भारी
झट्टै मरेन किन दैत्य अचम्म भो यो !
देखेर काल रिसमा पनि बाँच्छ लौ को ! ।१३।

खुसी हुँदा जगतलाइ दिने प्रसाद
रिसाउँदा कुल समेत हुने विनाश
देख्यौं उदाहरण भर्खरको रणैमा ।
होऊ प्रसन्न अब दीन दुःखीहरुमा ।१४।

सम्मान पाउँछ त्यही धन कीर्ति लिन्छ
घट्दैन धर्म त्यसको अझ धन्य बन्छ
स्त्री–पुत्रले सहित पाउँछ शान्तभाव ।
देवी प्रसन्न जसमाथि भइन् उदार ।१५।

तिम्रो कृपा हुन गई कति पुण्यवान
श्रद्धा र धर्म अनि भक्ति गरी समान
स्वर्गं पुगे सब, तिमी फलकी निधान ।
गर्छौं सदा निहुरिएर सबै प्रणाम ।१६।

सम्झयो भने सकल त्राश हुने विनाश
चिन्ता गरे अझ सुबुद्धि हुने विकास
दारिद्रय दुःख हरने अरु को छ आमा !
संसारमाथि करुणा बरसाउनामा ।१७।

मर्दा सबै असुर शान्ति भयो जगतमा
गर्छन् कुकर्म सब राक्षस पाप आत्मा
हुन् तापनि लडिमरे अब मुक्ति पाउन् ।
इच्छा यही भगवतीसँग हुन्छ जानन् ।१८।

सम्पूर्ण शस्त्र किन दैत्य उपर्चलाको ?
हेरेर मात्र किन भस्म नपार्नु भाको ?
शस्त्रादिले अति पवित्र भएर स्वर्ग-
जाउन् भनेर करुणा गरिबक्सिएछ ।१९।

त्यो खड्गको किरणले नफुटेर आँखा
बाँकी बचेछ अझ शूल चलाउँदा ता
देवी ! लियौ नि मनमा करुणा हजार
हेर्दै मरे असुर सुन्दर त्यो मुहार ।२०।

बानी कुकर्महरू नाश गराउने छ
देवी अतुल्य छ स्वरुप विचित्र पो छ
धेरै छ ताकत त देवमहाँ नभाको
त्यस्तो भएर पनि शत्रुमहाँ दया भो ।२१।

केको दिउँ म उपमा बलको मुमाको
हे अम्बिका ! न त कतै छ स्वरुप यस्तो
साह्रै दयालु तर युद्धमहाँ कठोर
यस्तो विशिष्ट गुणले अरु को छ युक्त ?।२२।

बैरी निमोठिकन लोक समग्रलाई
निर्धक्क पारिकन दैत्यहरू पछारी
सुम्प्यौ र स्वर्ग रणबाट समग्र हामी
गर्छौं प्रणाम खुस होउ महा भवानी ।२३।

शूलले खड्गले हाम्रो रक्षा हे अम्बिका गर
घण्टाको शब्दले फेरि धनुष्टङ्कारले गर ।२४।

पूर्व पश्चिम औ दक्षिमा श्री चण्डिका गर
घुम्दै शूल लिई उत्तरमा ती ईश्वरी गर ।२५।

ती तीनै लोकमा रुप राम्रा अनि भयङ्कर
त्यो देखि पनि रक्षा त हाम्रो र विश्वको गर ।२६।

खड्ग शूल गदा आदि ती सबै हातमा लिई
अनेकौं अस्त्रले हाम्रो गर रक्षा महेश्वरी ।२७।

ऋषि अन्नुहुन्छ ।२८।

यस्तो स्तुति गरी द्यौता फूल नन्दनको टिपी
देवीको गर्दछन् पूजा श्रीखण्ड लेपले पनि ।२९।

सबले भक्तिका साथ धूप हाले सुगन्धित
अनि देवी खुसी हुँदै भन्न लागिन् सबैसित ।३०।

देवीले भनिन् ।३१।

भन्नुहोस् देवता सारा आपनो इच्छा भए जति
मबाट हुन जे सक्छ माग्नुहोस् वरदान ती ।३२।

देवताले भने ।३३।

देवी हजुरले हाम्रो पूर्ण पारी सबै कुरा
दया दृष्टि भयो ठूलो बाँकी छैन कुनै कुरा ।३४।

महिषासुर मर्नाले कार्य पूरा भयो सब
यसभन्दा अझै केही दिनुहुन्छ भने अब ।३५।

दुःखमा सम्झँदा सिंह चढेर पाल्नुहोस् मुमा !
पृथ्वीमा स्तोत्र यो पढ्ला जस्ले देवी रिझाउन।३६

सपरिवार भोगोस् त्यो सुख ऐश्वर्य लोकमा
यति बिन्ती सबै हामी गर्छौं पाउ समीपमा ।३७।

ऋषि भन्नुहुन्छ ।३८।

देवीलाई खुसी पार्दा भयो संसारको हित
'हुन्छ' भन्दै भइन् देवी अन्तर्ध्यान बुझ्यौ नृप? ।३९

यसरी हे महाराज ! देवीको पूर्व–कालमा
उत्पत्ति देवताबाट जसरी भो सुन्यौ यहाँ ।४०।

गौरीको जिउदेखि नै निस्किएर उनी अघि
शुम्भ फेरि निशुम्भैको नाश पारिन् जसोगरी ।४१।

भयो संसारको रक्षा द्यौताको उपकार भो
सुन्न सक्छौ दुबैले नै गर्छु विस्तार लौ म त्यो ।४२।

पाँचौं अध्याय

यो उत्तम चरित्रको ऋषि रूद्र हुन्, देवता महासरस्वती हुन्, छन्द अनुष्टुप् हो, शक्ति भीमा हुन्, बीज भ्रामरी हुन्, तत्व सूर्य हुन् र सामवेद स्वरूप हो; महा सरस्वतीको खुसीको लागि उत्तम चरित्रको पाठमा विनियोग गरिन्छ ।

ध्यान

घण्टा शूल हलो धनुष्-मुसल वाणै चक्र शंखै लिने ।
राम्रो त्यो अनुहार ता शरदको चन्द्रै सरी झलकने ।।
गौरीबाट त निस्किई जगतको आधार रुपा बनी ।
मार्ने शुम्भ–निशुम्भ जो सरस्वतीज्यूमा गलाउँ मति ।।

ॐ क्लीं, ऋषिले भन्नुभयो ।१।

उहिले इन्द्रको राज्य लिई शुम्भ–निशुम्भले
हरेछन् यज्ञको भाग पनि ठूलो घमण्डले ।२।

अधिकार लुटी सारा सूर्य चन्द्र कुवेरको
बनेछन् नाइके आफै वरूण अनि कालको ।३।

वायु र अग्निको काम गर्न थाले स्वयं अनि
बेइज्जत भई भागे हरूवा देवता पनि ।४।

अधिकार गुमाएर डरेका ती दुबैसित
सम्झन्छन् रुप देवीको थिइन् जो अपराजित ।५।

सम्झे ए ! भन्दथिन् देवी सम्झौला दुःखमा जब
आएर नाश गर्नेछु एकैछिन्मा म त्यो सब ।६।

एति भन्दै गए जम्मै पुगिहाले हिमालमा
प्रार्थना विष्णुमायाको गर्न लागे सबै जना ।७।

देवता प्रार्थना गर्न लागे ।८।

नमस्कार महादेवी शिवालाई सलाम छ
भद्रा र प्रकृतीलाई धेरै-धेरै प्रणाम छ ।९।

रौद्रा नित्या तथा गौरी धात्रीलाई प्रणाम छ
ज्योत्स्ना सुख स्वरुपा, चन्द्रमुखीमा सलाम छ ।१०

कल्याणी बृद्धि औ सिद्धिलाई हाम्रो प्रणाम छ
नैऋती राजलक्ष्मी र सर्वाणीमा सलाम छ ।११।

दुर्गपारा तथा दुर्गा सारा र सर्वकारिणी
ख्याती काली तथा धूम्रालाई धेरै प्रणाम छ ।१२।

क्रोधिनी र दयारूपी दुबैलाई सलाम छ
प्रतिष्ठा रुपिणी देवी कृतिलाई प्रणाम छ ।१३।

जो देवी सबमा बसिछन् विष्णु माया स्वरुपले
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।१४।

जो देवी सबमा ... – ... ... – ... ... ।१५।

जो देवी सबमा ... ... ।१६।

जो देवी सब प्राणीमा रहन्छिन् चेतना बनी
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।१७।
जो देवी सब प्राणी ... ... ।१८।
जो देवी सब प्राणीमा ... ... ।१९।

जो देवी सब प्राणीमा बस्छिन् बुद्धि स्वरुपले
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।२०।
जो देवी सब प्राणीमा ... ... ।२१।
जो देवी सब प्राणीमा ... ... ।२२।

जो देवी सबमा व्याप्त हुन्छिन् निद्रा स्वरुपले
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।२३।
जो देवी सबमा व्याप्त ... ... ।२४।
जो देवी सबमा व्याप्त ... ... ।२५।

जो देवी सबमा व्याप्त भई भोक जगाउँछिन्
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।२६।
जो देवी सबमा व्याप्त ... ... ।२७।
जो देवी सबमा व्याप्त ... ... ।२८।

जो देवी सबका साथ बस्छिन् छाया स्वरुपले
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।२९।
जो देवी सबका साथ ... ... ।३०।
जो देवी सबका साथ ... ... ।३१।

जो देवी सब प्राणीमा रहन्छिन् शक्ति रुपले
प्रणाम छ प्रणाम छ धेरै-धेरै प्रणाम छ ।३२।
जो देवी सब प्राणीमा ... ... ।३३।
जो देवी सब प्राणीमा ... ... ।३४।

जो देवी सबमा बस्छिन् तृष्णा रुप लिईकन
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।३५।
जो देवी सबमा बस्छिन् ... ... ।३६।
जो देवी सबमा बस्छिन् ... ... ।३७।

जो देवी सबमा बस्छिन् क्षमाको भावना बनी
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।३८।
जो देवी सबमा बस्छिन् ... ... ।३९।
जो देवी सबमा बस्छिन् ... ... ।४०।

जो देवी सब प्राणीमा बस्छिन् जाति स्वरुपले
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।४१।
जो देवी सब प्राणीमा ... ... ।४२।
जो देवी सब प्राणीमा ... ... ।४३।

जो देवी सबमा बस्छिन् लाजको रुपले पनि
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।४४।
जो देवी सबमा बस्छिन् ... ... ।४५।
जो देवी सबमा बस्छिन् ... ... ।४६।

जो देवी सब प्राणीमा बस्छिन् शान्ति स्वरुपले
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।४७।
जो देवी सब प्राणीमा … … … … … ।४८।
जो देवी सब प्राणीमा … … … … … … ।४९।

जो देवी सबमा श्रद्धा जगाई बस्दछिन् सदा
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।५०।
जो देवी सबमा श्रद्धा … … … … … ।५१।
जो देवी सबमा श्रद्धा … … … … … … ।५२।

जो देवी सबमा बस्छिन् देखाई तेजिलो पन
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।५३।
जो देवी सबमा बस्छिन् … … … … ।५४।
जो देवी सबमा बस्छिन् … … — … … … ।५५।

जो देवी सब प्राणीमा बस्छिन् लक्ष्मी स्वरुपले
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।५६।
जो देवी सब प्राणीमा … … … … … … ।५७।
जो देवी सब प्राणीमा … … … — … … ।५८।

जो देवी सबमा बस्छिन् जीविका रुपले पनि
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।५९।
जो देवी सबमा बस्छिन् — … … … … … ।६०।
जो देवी सबमा बस्छिन् … … … … … … ।६१।

जो देवी सबमा बस्छिन् सम्झना नै बनीकन
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।६२।
जो देवी सबमा बस्छिन् ... ... ।६३।
जो देवी सबमा बस्छिन् ... ... ।६४।

जो देवी सबमा व्याप्त हुन्छिन् माया दया बनी
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।६५।
जो देवी सबमा व्याप्त ... ... ।६६।
जो देवी सबमा व्याप्त ... ... ।६७।

जो देवी सब प्राणीमा बस्छिन् सन्तोष रुपले
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।६८।
जो देवी सब प्राणीमा ... ... ।६९।
जो देवी सब प्राणीमा ... ... ।७०।

जो देवी सब प्राणीमा बस्छिन् आमा बनीकन
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।७१।
जो देवी सब प्राणीमा ... ... ।७२।
जो देवी सब प्राणीमा ... ... ।७३।

जो देवी सबमा बस्छिन् भ्रान्ती रुप बनीकन
प्रणाम छ प्रणामै छ धेरै-धेरै प्रणाम छ ।७४।
जो देवी सबमा बस्छिन् ... ... ।७५।
जो देवी सबमा बस्छिन् ... ... ।७६।

सबै इन्द्रियकी रानी भई विश्वभरि पनि
सर्वत्र रहने यस्ती तिमीलाई प्रणाम छ ।७७।

चेतना रुपले सारा विश्व व्याप्त गराउने
प्रणाम छ प्रणाम छ धेरै-धेरै प्रणाम छ ।७८।
चेतना रुपले सारा ... ... ।७९।
चेतना रुपले सारा ... ... ।८०।

भज्थे नि ध्यौता हुन सिद्ध सारा
तो इन्द्र भज्थे दिनरात सारा
कल्याण हाम्रो गर आज माई
विपत्ति नाशी करुणा जनाई ।८१।

डरेर ती दानव दुष्टबाट नै
प्रणाम गर्छौं अब देवता सबै
सम्झ्यो भने नाश हुने विपत्तिको
प्रसन्न आमा भइहाल लौ छिटो ! ।८२।

ऋषि भन्नुहुन्छ ।८३।

देवीको स्तुतिमा मग्न भएथे देवता जब
गङ्गा स्नान गरौं भन्दै आइछन् पार्वती तब ।८४।

सोधिछन् कसको स्तोत्र गर्नुहुन्छ यहाँहरु ?
शिवा निस्केर गौरीको देहबाट भनिन् बरु ! ।८५।

निशुम्भदेखि हारेका शुम्भबाट पराजित
गर्छन् आराधना मेरो देवता यी सबै बुझ ।८६।

कोशबाट लिई जन्म पार्वतीको शरीरको
कौशिकी नाम प्रख्यात संसार भरमा भयो ।८७।

कौशिकी निस्किएदेखि काली ती पार्वती भइन्
कालिका रुपले देवी हिमालैमा गई बसिन् ।८८।

चण्ड–मुण्ड दुई दैत्य दास शुम्भ–निशुम्भका
देखेर अम्बिकालाई सारै राम्री सुकोमला ।८९।

शुम्भलाई गई भन्छन् हेराजन् एक सुन्दरी
बस्छिन् हिमाललाई नै उज्यालो कान्तिले गरी ।९०।

त्यस्तो सुन्दरता देख्न पाइँदैन कतै पनि
को हुन् ती हे महाराज ! बुझी ल्याउनुहोस् त नि ।९१।

नारीमा रत्न झैं राम्री उज्याली दन्दनाउँदी
अहिले छिन् हिमालैमा देखनुहुन्छ गएपछि ।९२।

हात्ती घोडा मणी रत्न जति छन् तीन लोकमा
अहिले ती सबै बस्छन् तपाईं के अधीनमा ।९३।

घोडा उच्चैश्रवा फेरि रूख यो पारिजातको
हात्तो ऐरावतै इन्द्रबाट भैगो तपाईंको ।९४।

ब्रह्मावाट लिएको यो रत्न युक्त अचम्मको
विमान हाँसले युक्त बस्छ आँगनमा अहो ! ।९५।

महा पद्मनिधी आफैं दिए बरुणले अनि
समुद्रले दिए माला ताजा-किज्जल्किनी भनी ।९६।

छाता बरुणको यो ता वर्षाउँछ सुनै-सुन
रथ प्रजापतिको यो बसिरेछ यहीं जुन ।९७।

उत्पात पारने शक्ति मृत्युबाट लिईकन
पाश वरुणबाटै ता ल्याइबस्यो लुटीकन ।९८।

समुन्द्री रत्न सारा नै लगाउँछन् निशुम्भले
लुगा दुई खुबै शुद्ध ल्याएर अग्निले दिए ।९९।

संसार भरका रत्न सारा आफ्नै भए भने
नारीमा रत्न कल्याणीलाई किन नल्याउने ? ।१००।

ऋषि भन्नुहुन्छ ।१०१।

दुबैबाट सुनी यस्ता कुरा त्यो शुम्भले पनि
पठाई दूत सुग्रीवलाई भन्दो भयो अनि ।१०२।

देवीसंग गई गर्नु राम्रा-राम्रा कुराहरु !
जसले खुस भै देवी आइहालोस् खुरु खुरु ।१०३।

गई हिमालमा लाग्यो देवीलाई फकाउन
भन्यो मधुर वाणीमा साह्रै नम्र बनीकन ।१०४।

दूतले भन्यो ।१०५।

हे देवी शुम्भ छन् राजा अहिले तीन लोकका
आएको हुँ यहाँ देवी उनैको दूत भै म ता ।१०६।

बनाए देवतालाई जिती नोकर-चाकर
सन्देश उनको यस्तो छ तिमी त्यो सबै सुन ! ।१०७।

"दास छन् देवता मेरा राजा छु तीन लोकको
साराको यज्ञको भाग खान्छु आफैं अनेक त्यो ।१०८।

तीनै लोक भरीका नै रत्न मेरै भए अब
इन्द्रले चढने हात्ती खोसी ल्याएँ यहीं अब ।१०९।

समुन्द्रबाट निस्केको घोडा उच्चश्रवा पनि
देवताले दिईहाले मेरो आज्ञा सुनेर नि ।११०।

जति रत्न थिए नाग-गन्धर्व-देवतासित
आएका छन् सबै आज मेरो नै घरमा नि त ।१११।

नारीमा रत्न हे देवी ! बन हाम्री तिमी अब
हामी हौं रत्नका स्वामी हाम्रै हुन् रत्न ता सब ।११२।

तिमी हौ रत्नकी खानी त्यसैले अब सुन्दरी
मेरो वा भाइको निम्ति आऊ ! लौ मृगलोचनी ।११३।

मेरी भयौ भने मिल्छ सारा ऐश्वर्यको सुख
त्यसैले हित सम्झेर गर देवी स्वयंवर ।११४।

ऋषि भन्नुहुन्छ ।११५।

आधार विश्वकी देवी यस्तो वाक्य सुनेपछि
भन्छिन् मुसुक्क हाँसेर भाव गाम्भीर्यले भरी ।११६।

देवीले भनिन् ।११७।

साँचो कुरा गर्‍यौ दूत झुटो छैन कुनै पनि
होलान् त्यस्तै दुबै दैत्य तीनै भुवनका पति ।११८।

तर मेरो प्रतिज्ञा छ छाडौं त्यो कसरी अब
बुद्धिको अल्पताले नै हालेछु किरिया सब ।११९।

नाशी घमण्ड जो जित्ला मलाई रणमा गई
म जत्ति बलियो जो छ हुन्छ मेरो त्यही पति ।१२०।

त्यसैले तो दुबै चाँडौ लौ मलाई जितुन् न त ।
बिहे आफ्नो गरी हालुन् ढीला-सुस्ति नहोस् अब ।१२१।

दूतले भन्यो ।१२२।

छोड यस्ता कुरा देवी ! घमण्डी रहिछ्यौ तिमी
को लड्छ ? विश्वमा आज दुईको सामुमा गई ।१२३।

अरु दैत्यहरुदेखि नै भागे देवता भने
एक्ली स्त्री कसरी लड्छ्यौ गई संग्राममा भरे ।१२४।

इन्द्रादि पनि भागेथे शुम्भदेखि डरीकन
तिमी नारी भई पछ्यौं अगाडि कसरी भन ! ।१२५।

खुरुक्क हिँड लौ चाँडो भनेको मान्दछ्यौ भने
जगल्टा तानिँदै जान पर्ला नत्र भरे अनि ।१२६।

देवीले भनिन् ।१२७।

ठीकै छ बलिया रेछन् दुबै शुम्भ-निशुम्भ ती
के गरौं किरिया हालें होस पैले नभै रति ।१२८।

जाओ ! झट्टै भनीहाल ! मेरा सम्पूर्ण यो कुरा
जे गर्नुपर्छ त्यो आफैं गरिहालुन् सबै पुरा ।१२९।

छैटौं अध्याय

ध्यान

जस्को आशन नागराज गहना छन् ती मणी नागका ।
घामै तुल्य छ तेज फेरि अतिराम्रा तीन आँखा तिका ।।
माला खप्पर पद्मा औ कलस बोक्ने ताज ता जूनको ।
बस्ने भैरब काखमा पग परें पद्मावतीको म यो ।।

ऋषि भन्नुहुन्छ ।१।

यस्तो कुरा सुनी दूत देवीदेखि रिसाउँदै
गएर दैत्यको राजालाई भन्दोभयो सबै ।२।

इतबाट सुनी यस्तो राजालाई उठ्यो रिस
सेना नायक त्यो धूम्रलोचनसा भन्यो सब ।३।

धूम्रोलोचन जा चाँडो ! आफ्नो सेनालिई सबै
जगल्ट्याएर ले तानी दुष्टालाई घिसार्दै ।४।

बचाउ त्यसको गर्न आयो अर्को कुनै भने
देवता–यक्ष–गन्धर्व चाहे जे हुन् नछाडने ।५।

ऋषि भन्नुहुन्छ ।६।

धूम्रलोचनले यस्तो सुनी आदेश शुम्भको
साठी हजार सेना ली गइहाल्यो छिटो–छिटो ।७।

पुगी हिमालमा देख्यो दुर्गालाई र त्यो त्यहाँ
कराएर भन्यो हिंड् लौ ! राजाको दरवार ।८।

जान्नस् भने खुसी–राजीसँग राजा समीपमा
लैजानेछु बलैले म समातेर कपालमा ।९।

देवीले भनिन् ।१०।

खटिई फौजका साथ आएका बलवान हौ
लान्छौ भने बलैले नै गर्न सक्छु र के म लौ ! । ११।

ऋषि भन्नु हुन्छ ।१२।

सुनेर रिसले दौड्यो दुष्ट त्यो धूम्र–लोचन
'हुँ'कार मात्रले भष्म पारिहालिन् उसै क्षण ।१३।

अनि ता दैत्य-सेना र देवीको युद्ध चर्कियो
कञ्चरा शक्ति औ वाण दुबैमा खूब बर्सियो ।१४।

देवीको सिंह भैं क्रुद्ध गर्जियो र भयङ्कर
दैत्यमाथि गऱ्यो धावा उठाई जगरै सब ।१५।

पञ्जाले कत्तिमा हान्यो गर्दनैले भरे कति
पछारेर धसी दारा माऱ्यो असुर उग्र ती ।१६।

नङ्ग्राले कतिलाई ता चिरा- फारा गऱ्यो अनि
टाउको कत्तिको चट्ट पाऱ्यो थप्परले पनि ।१७।

टाउको हात छुट्याई मार्न थाल्यो भकाभको
जगरै थर्थराएर चुसेछ रगतै पनि ।१८।

देवीको सिंहले साह्रै रिसले चूर भैकन
छिनैमा दैत्यको सेना पारिहाल्यो हिना-मिना ।१९।

धूम्रलोचनको नाश देवीबाट भयो अनि
सिंहले फौज सिध्यायो भन्ने यस्तो कुरासुनी ।२०।

रिसले दैत्यको राजा शुम्भ ओठ कमाउँदै
भन्न लाग्यो दुबै चण्ड-मुण्डलाई अराउँदै ।२१।

हे चण्ड-मुण्ड लौ जाओ फौज ठूलो लिईकन !
लछारेर लिई आओ दुण्टालाई छिटो यहाँ ।२२।

नभए ल्याउनु ! बाँधी सक्तैनौ त्यो सबै भने
मारिदिनु सबै फौज, हतियार प्रयोगले ।२३।

देवीलाई लडाएर सिंह नाश भएपछि
बाँधेर ल्याउनू वोको लाश मात्रै भए पनि ।२४।

सातौं अध्याय

ध्यान

सुन्दी बोली सुगाका बसिकन सुनमा वर्ण नीलोछ जस्को ।
पद्मैमा एकपाउ छ मुकुट शशि वीणा वजाई बसिन् जो ।।
कल्हारैको छ माला अति असल छ चोलो र सारी छ रातो
मातङ्गी स्वच्छटीको छ र अति लठिई शंखधारी भजौं जो

ऋषि भन्नुहुन्छ ।१।

आदेशले गरी चण्ड-मुण्ड आए अघितिर
लिएर राक्षसी सेना भई शस्त्र सुसज्जित ।२।

देखे भगवतीलाई बसेकी मुस्कुराउँदै
पहेंलो टाकुरामा नै सिंहमाथि रमाउँदै ।३।

च्याप्प पारौं भनी दैत्य गर्नथाले चुरी-फुरी
अघि सरे कुनै वाण तरवार लिईवरी ।४।

त्यो देखी अम्बिकालाई साह्रै ठूलो उठ्यो रिस
अत्यन्त क्रोधले गर्दा मुखै कालो भयो नि त ।५।

आँखी भौं टेढिए साह्रै काली ता बीचबाट त्यो
निस्किइन् हातमा पास तरवार लिएर पो ।६।

हातमा खाटको खुट्टो माला राम्रो छ कण्ठमा
लाएकी चितुवा-छाला दुब्ली र डरलागदी ।७।

खाने मुख निकै ठूलो जिब्रो लामो भयानक
आँखा छन् गहिरा राता गर्जी ढाक्दै सबै दिशा ।८।

ठूला दैत्यहरु मार्दै कूदिहालिन् सबैतिर
मारी असुरका सेना खानथालिन् मजासित ।९।

रथी र माहुते ठूला हात्तीहरु त्यहाँ सब
टपा-टप टिपी सारा गाँस हालिन् कपा-कप ।१०।

घोडा र सारथी युक्त रथलाई लिईकन
हालेर मुखमा खूब लागिहालिन् चपाउन ।११।

कतिलाई जगल्ट्याई घाँटी च्यापेर नै कति
मारिन् कति त कुल्चेर छातीले ठोकदै कति ।१२।

हाने असुरले अस्त्र-शस्त्र आफ्ना अरु कति
हालेर मुखमा काली चूर्ण पारिन् भएजति ।१३।

दुष्ट दानवका सेना मार्नलागिन् किची-किची
टोकेर कतिलाई ता मारिन् दैत्य कुटी कति ।१४।

तरवार तथा खाटको खुट्टाले दिएर नै
टोकेर दाँतले ध्वस्त पारिन् सेनाहरु सबै ।१५।

छिनैमा नष्ट भैहाले सेना ती दैत्यका सबै
अनि चण्ड रिसाएर कुद्यो काली भए तिरै ।१६।

वर्षाई वाणको धारा धेरै चक्र चलाउँदै
डरलाग्दो गरी हेर्ने कालीलाई पुग्यो सबै ।१७।

बिलाए त्यसका चक्र कालीको मुखमा सबै
जसरी सूर्यको ज्योति पस्छ बादलमा सबै ।१८।

रिसले गर्जिइन् काली अट्टहास गरीकन
उज्यालो दाँतको पर्दा लाग्यो रे मुख चम्कन ।१९।

उठेर 'हँ' भनी ठूलो तरवार लिएर पो
कपालमा समातेर शिर काटिदिइन् अहो ! ।२०।

मरेको चण्ड देखेर मुण्ड आएछ बेगले
छुट्याइन् टाउको त्यसको काटेर तरवारले ।२१।

चण्ड-मुण्ड दुवै दैत्य मरेकाले डरे सबै
बाँचेका दैत्यका सेना भाग्न थाले जतातते ।२२।

दुबैका टाउकालाई कालीले हातमा लिई
गएर चण्डिका छेउ अट्टहास निकै गरी ।२३।

भनिन्-मैले तिमीलाई चढाएँ यी दुबै पशु !
शुम्भ निशुम्भलाई ता मार आफैं तिमी बरु ! ।२४।

ऋषि भन्नुहुन्छ ।२५।

चण्ड–मुण्ड दुबैलाई ल्याएको देखदा महाँ
चण्डिकाले भनिन् कालीलाई नम्र भई त्यहाँ ।२६।

चण्ड–मुण्ड दुवैलाई ल्यायौ मेरो समीपमा
चामुण्डा नाम प्रख्यात हुनेछ अब विश्वमा ।२७।

आठौं अध्याय

ध्यान

करुणा नजरै छ वर्ण रातो ।
धनु पाशै शर अंकुसे लिएको ।।
अणिमाहरु सिद्धि युक्त माई ।
म त सम्झन्छु उनै मुधा भवानी ।।

'ॐ' ऋषि भन्नुहुन्छ ।१।

स्वर्गवासी भए चण्ड–मुण्ड, सेना भए जति
सबै ध्वस्त भए भन्ने सुनेर दैत्यको पति ।२।

प्रतापी शुम्भ ता साह्रै रिसायो र मनै–मन
सम्पूर्ण दैत्यका सेनालाई लाग्यो पठाउन ।३।

सेनापति छयासीका साथ जानू ! उदायुध
चौरासी गुल्मका साथ जानू ! कम्बू खुसीसित ।४।

पचास गणका स्वामी सन्तान कोटिवीर्यका
सय सेना लिई जानू फेरि ती धूम्र वंशका ।५।

कालक दौर्हृद मौर्य कालिकेयादि नामका
डटेर युद्धमा जाओ मेरो आज्ञा मुताविक ।६।

एति भन्दै गयो शुम्भ कडा शासन गर्छ जो
हजारौं फौजकासाथ लडायीं गर्न गैंगयो ।७।

देखेर चण्डिकाले त्यो दैत्य सेना भयङ्कर
धनुको शब्दले व्याप्त पारिहालिन् सबै तिर ।८।

अनि सिंह गरी ठूलो गर्जना खूब गर्जियो
फेरि शब्द भवानीले निकालिन् घण्टबाट त्यो ।९।

धनु सिंह र घण्टाको शब्दले व्याप्त भो दिशा
त्योदेखि मुख कालीको बढिहालेछ बेपता ।१०।

सुनी शब्द सबै दैत्य-सेना सर्वत्र फैलिए
घेरे काली तथा सिंह चण्डिकाकन क्रोधले ।११।

यस्तिकैमा सुन्यो राजा ? दैत्यमार्न भनीकन
बँचाउ गर्न द्यौताको बलले मत्त भैकन ।१२।

ब्रह्मा विष्णु शिव स्कन्द इन्द्रका शक्ति जो थिए
अम्बिकाबाट निस्केर अम्बिका छेउमा गए ।१३।

जुन ध्यौता थिए जस्ता जस्तो पोसाक वाहन
थियो उस्तै बनी देवी गइन् दैत्य विनाशन ।१४।

हाँस जस्तो चढी यान लिई सूत्र कमण्डलु ।
ब्रह्माकी शक्ति ब्रह्माणी आइहालिन् खुरु खुरु ।१५।

चन्द्ररेखा निधारैमा हातमा नाग कङ्कण ।
लिई त्रिशूल गोरुमा आइन् माहेश्वरी त्यहाँ ।१६।

शक्ति कुमारकी कौमारी चढेर मयूरमा ।
युद्धगर्न लिई शक्ति गइछन् रणभूमिमा ।१७।

चढी गरुडमा त्यस्तै विष्णुशक्ति त जो थिइन् ।
शंख, चक्र, गदा खड्ग धनुशार्ङ्ग लिई पुगिन् ।१८।

थियो जो हरिको रुप बराह अवतारको ।
उनकी शक्ति ता आइन् लिई रुप बराहको ।१९।

फट्कारी जगरै तारा खसाले झैं गरीकन ।
नारसिंही त्यहीं आइन् नृसिंहै झैं बनीकन ।२०।

ऐन्द्री हात्तो चडी आइन् लिएर बज्र हातमा ।
आँखा हजारले युक्त इन्द्र जस्तै शरीरमा ।२१।

अनि ती शक्तिका माझबाट भन्छन् महेश्वर ।
जगाउन खुसी मेरो दैत्य मार छिटो अब! ।२२।

निस्किइन् चण्डिका शक्ति देवीबाट भयानक ।
हुइया स्याल झैं गर्दै मुखबाट भयङ्कर ।२३।

शिवलाई भनिन्–नाथ ! दूत हाम्रो बनी अब ।
पाल्नुहोस् ती दुबै शुम्भ निशुम्भ बस्दछन् जहाँ ।२४।

घमण्डी ती दुवैलाई भन्नुहोला यिनै कुरा ।
लडायी गर्न आएका अरु ती दैत्यमा पुरा ।२५।

यज्ञ भाग लिउन् द्यौता राजा इन्द्र बनुन् उनै ।
जाओ पातलमा दैत्य बाँचने इच्छा भए कुनै ।२६।

गर्वले यदि संग्राम चाहन्छौ नै भने हिंड ।
शिवाले मासु यो आलो चपाउलिन् मजासित ।२७।

शिवलाई स्वयं दूत बनाएर पठाउँदा ।
शिवदूती भनी विश्व–भरमा भो प्रचार ता ।२८।

शिवबाट सुनी यस्ता कुरा दैत्य पनि सब ।
रिसले चूर भै दौडे कात्यायनी भएतिर ।२९।

पहिले दैत्यका सेना देवीमाथि रिसाउँदै ।
ऋष्टि–शक्ति तथा वाण–अस्त्र वर्षाउँथे खुबै ।३०।

देवीले वाणले शूल–शक्ति वाण र वञ्चरा ।
काटेर खपाल खप्पालैमा नष्ट पारिदिइन् पुरा ।३१।

अघिसर्दै गई काली शूलले मार्दथिन् कति ।
घुमाई खाटको खुट्टो घुम्न थालिन् यता–उति ।३२।

कमण्डलु लिई जहाँ ब्रह्माणी पुग्दथिन् उतै ।
दैत्यका तेजको नाश गर्दथिन् मल छर्कदै ।३३।

माहेश्वरी त्रिशूलैले चक्रले वैष्णवी अनि ।
कौमारी शक्तिले हानेर मार्न लागिन् भएजति ।३४।

ऐन्द्रीको वज्रले लागी अनेकौं दैत्य दानव ।
बगाई रक्तको धारा पृथ्वीमाथि लडे सब ।३५।

वाराहीले त दाराले थुतुनाले र च्यापुले ।
चक्रको धारले दैत्य मारिन् अत्यन्त वेगले ।३६।

नारसिंही पनि ठूलो शब्द गर्दै दगुर्दथिन् ।
नङ्ग्राले कत्तिका छाती चिरेर खान थाल्दथिन् ।३७।

खित्काले शिवदूतीको डरी दैत्य लडे जति ।
हालेर मुखमा देवी चपाउँथिन् त्यहाँ त्यति ।३८।

मातृका गणले दैत्य नाशगर्दा गरीकन ।
दैत्यका फौज भागेछन् आफ्नो ज्यान बचाउन ।३९।

देवीबाट डराएर भागेको फौज देखदा ।
युद्ध गर्न भनी आयो रिसाई रक्तबीज ता ।४०।

थोपा रगतका भैंमा जिउबाट पऱ्यो भने ।
ऊ जस्ता बलिया शूरा दैत्यको सिर्जना हुने ।४१।

ऐन्द्री संग गदा युद्ध गर्दथ्यो रक्तबीजले ।
वज्रले दैत्यको नाश पारिन् ती इन्द्र शक्तिले ।४२।

बज्रको चोटले सिर्का बगे रगतका जति ।
ऊ जस्तै बलिया दैत्य बन्नथाले भए जति ।४३।

बग्दथे रक्तका थोपा जिउबाट भए-भर ।
जन्मिए शक्ति सम्पन्न रक्तबीज सरी सब ।४४।

युद्ध गर्न भनी आए ती सबै रक्तबीज र ।
अस्त्र-शस्त्र चलाएर देवीसंग जुधे सब । ।४५।

बज्रले टाउको फुट्दा धेरै दैत्य पछारिए ।
धारा रगतको बग्दा हजारौं दैत्य जन्मिए ।४६।

चक्रले वैष्णवी दैत्य काट्न थालिन् कटा-कट ।
ऐन्द्री गदा घुमाएर मार्न लागिन् भका-भक ।४७।

बगे रगतका धारा चक्रको चोटले गरी ।
हजारौं जन्मिए उस्तै फैलिए जगतै भरी ।४८।

कौमारी शक्तिले दिन्थिन् बाराही तरवारले ।
मार्थिन् माहेश्वरी रक्तबीजलाई त्रिशूलले ।४९।

त्यो रक्तबीज ता खूब क्रोधले भरियो नि त ।
गदाले मातृका शक्तिलाई दिन्थ्यो क्रमं सित ।५०।

शक्तिले शूलले लागी रक्तबीज मरेजति ।
प्रत्येकबाट निस्कन्थे अनेकौं दैत्य उग्र ती ।५१।

सम्पूर्ण रक्तका थोपा रक्तबीज भए जब ।
ढाकेछन् विश्वलाई नै डराए देवता सब ।५२।

डरेका देउता देख्दा चण्डिकाले भनिन् छिटो ।
चामुण्डा ! सुन ! ए काली ! मुख ठूलो गराउ त्यो ।५३।

शस्त्र लागी हुने दैत्य सिर्का रगतका पनि
नपर्दै भुइँमा सारा खाइहाल छिटो गरी ।५४।

घुमेर रणमा खानू दैत्य रक्त दुबै थरी ।
सुकी रगतका थोपा मर्ला दैत्य स्वयं अनि ।५५।

खायौ भने अरु दैत्य जन्मिदैनन् कसैगरे ।
एति भन्दै लिई शूल देवी लड्न बढिन् अरे ।५६।

कालीले दैत्यको रक्त चुसिन् जब रमाउँदै ।
दैत्यले चण्डिकालाई गदा हान्यो रिसाउँदै ।५७।

गदाको चोटले देवीलाई केही भएन रे ।
दैत्यबाट भने खूब धारा रगतका बगे ।५८।

त्यो धारा सब चामुण्डा प्यून थालिन् घटा-घट ।
मुखमा पनि ती रक्तबीज जन्मे भटा-भट ।५९।

त्यस्तालाई निली काली चुस्दथिन् रक्त वेगले ।
शूल बज्र तथा बाण ऋष्टि र तरवारले ।६०।

देवीले मार्दथिन् रक्त चामुण्डा सोस्दथिन् सब ।
रक्त-शस्त्र गुमाएको दैत्य भैंमा ढल्यो अब ।६१।

रगतै सकिएको त्यो रक्तबीज भएपछि ।
हे राजन् ! देवता सारा रमाए खुश भै अति ।६२।

यस्तै किसिमले फेरि मातृका गणले अरू ।
दैत्यको रक्तले मत्त भई नाच्न गरे सुरु ।६३।

न[redacted]वौं अध्याय

बन्धूक फूल–सुन झैं रँग फेरि माला– ।
रुद्राक्षको वर र अंकुश पाश खासा ।।
त्यो अर्धचन्द्र गहना अनि तीन आँखा ।
सम्झन्छु रूप जुन शक्ति स्वरुप आधा ।।

राजाले सोधे ।१।

देवीको महिमा नाथ ! तपाईंले विचित्रको ।
बताउनु भयो रक्तबीज नाश प्रसङ्गको ।२।

फेरि सुन्न म चाहन्छु रक्तबीज मरेपछि ।
के गर्छन् ती दुबै शुम्भ निशुम्भ रिसले अति ।३।

ऋषि भन्नुहुन्छ ।४।

जब फौज मरे सारा नाश भो रक्तबीजको ।
खत्तियो टाउकाबाट रिस शुम्भ–निशुम्भको ।५।

सेनाको दुर्दशा देख्दा रिसले चूर भैकन ।
कुद्यो निशुम्भ ता ठूलो दैत्य सेना लिईकन ।६।

निशुम्भका सबैतर्फ ठूला दैत्य थिए जति ।
टोकेर क्रोधले ओठ देवी मार्न गए त्यति ।७।

मार्दछु चण्डिकालाई लडी मातृहरुसित ।
भनेर फौजकोसाथ शुम्भ आयो रिसैसित ।८।

देवीसंग पर्‍यो युद्ध शुम्भको र निशुम्भको ।
पानी झैं दैत्यले वाण वर्षाए घनघोरको ।९।

देवीले वाण वर्षाई काटिन् वाण समग्रको ।
रोपिन् शरीरमा वाण ती दुबै उग्र दैत्यको ।१०।

आयो निशुम्भ ता ढाल तरवार लिएर ए !
सिंहको पुर्पुरामा नै हानेछ तरवारले ।११।

त्यो देखी वाण देवीले हानिन् नाम क्षुरप्रको ।
आठ चन्द्र जडित् ढाल–तरवार भयो धुलो ।१२।

ढालखड्ग भए नष्ट शक्ति छोड्यो निशुम्भले ।
देवीले काटिछन् चाडँ त्यस्लाई पनि चक्रले ।१३।

फेरि शूल उठाएर आयो अत्यन्त क्रोधले ।
देवीले शूल त्यो भाँचिन् मुड्की हानी अचम्मले ।१४।

चण्डिका माथि ता फेरि गदा हानेछ वेगले ।
त्यो पनि नष्ट भै हाल्यो भवानीको त्रिशूलले ।१५।

आएछ दैत्य ता फेरि वन्चरो हातमा लिई ।
देवीले वाण हानेर ढालिन् जमिनमा अनि ।१६।

ठूलो पराक्रमी भाइ निशुम्भ भुइँमा लड्यो ।
अनि शुम्भ रिसाएर देवी मार्न भनी बढ्यो ।१७।

चढेर रथमा अग्लो अस्त्र-शस्त्र सजीकन ।
ढाक्यो आकाश नै आठहात युक्त बनीकन ।१८।

आएको दैत्य देखेर देवी शंख बजाउँछिन् ।
अझ पट्कारदै ताँतो शब्द ठूलो निकाल्दछिन् ।१९।

बज्दैमा दैत्यको तेज नास्दथ्यो जुन घण्ट ता ।
त्यस्तो घण्ट बजाएर व्याप्त पारिन् दशैदिशा ।२०।

जसको गर्जना सुन्दा हात्तीको गर्व भाग्दथ्यो ।
गर्जदै सिंह त्यो पृथ्वी-आकाश सब ढाक्दथ्यो ।२१।

काली आकाशमा उफ्री हात ठोकिन् जमीनमा ।
यस्तो ठूलो उठ्यो शब्द अरु शब्द दवे त्यहाँ ।२२।

खित्काले शिवदूतीको कुचेष्टा दैत्यमा पर्‍यो ।
डरे फौज सबै शुम्भ क्रोधले चूर पो भयो ।२३।

देवीले पर्खि हे दुष्ट ! दैत्यलाई भनिन् जब ।
देवीको जयहोस् ! भन्थे द्यौता आकाशमा तब ।२४।

आएर शुम्भले शक्ति चलायो दन्दनाउँदो ।
नष्ट पारिन् महाउल्का चलाई उनले त त्यो ।२५।

गर्जना शुम्भले गर्दा घन्किए तीनलोक नै ।
बज्रै परेसरी फर्क्यो अरु शब्द दवाउँदै ।२६।

शुम्भको वाण देवीले देवीको वाण शुम्भले ।
वाण आफ्ना चलाएर टुक्रा-टुक्रा गरे अरे ।२७।

अनि देवी रिसाएर बजाइन् शूलले जब ।
मूर्छा भएर त्यो दैत्य लड्यो जमीनमा तब ।२८।

निशुम्भ ब्युँझियो फेरि लियो र धनु हातमा ।
लगायो वाणले चोट देवी, काली र सिंहमा ।२९।

अनि त्यो दैत्यका हात भए दशहजार पो ।
चक्र वर्षाउँदै ढाक्यो चण्डिकाकन नै अहो ! ।३०।

अनि भगवती दुर्गा रिसाइन् दुःख नाशिनी ।
वाणले दैत्यको चक्र-वाण काटिन् भएजति ।३१।

निशुम्भ वेगले आयो सेनासाथ गदा लिई ।
मार्दछु चण्डिकालाई भनी कुद्यो त्यतै अनि ।३२।

चण्डिकाले गदालाई धारिलो तरवातले ।
काटिन् त्यो दैत्यले फेरि यौटा शूललियो अरे ।३३।

देखी निशुम्भ आएको लिएर शूल हातमा ।
त्यसको छात्तीमा रोपिन् शूल आफ्नो छिटो त्यहाँ ।३४।

लागेर शूलले अर्को छात्तीको घाउबाट पो ।
निस्कियो बलियो दैत्य पर्खी भन्दै कराउँदो ।३५।

त्यो देखी खित्त हाँसेर तरवार लिइन् अनि ।
छुट्याइन् टाउको दैत्य मरी भैंमा लड्यो पनि ।३६।

अनि ता सिंहले दैत्य मार्‍यो दारा धसी–धसी ।
काली र शिवदूतीलेन खानलागे अरु कति ।३७।

कैयौं दैत्य मरे कौमारीको शक्ति प्रयोगले ।
भागे निर्धा भई ब्रह्माणीको पानी पवित्रले ।३८।

लागी त्रिशूलले माहेश्वरीको मर्दथे कति ।
वाराहीको मुखले नै लागी फौज मरे अति ।३९।

वैष्णवी चक्रले काट्थिन् धेरै नै दैत्य दानव ।
ऐन्द्रीको हातको चक्रबाट दैत्य मरे सब ।४०।

लडाइँमा मरे कोही भागे कोही डराउँदै ।
शिवदूती तथा काली सिंह खान्थे कति अझै ।४१।

दशौं अध्याय

ध्यान

रात्री सुनैसरि तथा रवि चन्द्र आगो– ।
आँखा, धनुष् शर र अंकुश शूल पासो– ।।
छन् हातमा र शिरमा पनि चन्द्ररेखा ।
कामेश्वरीकन भजौं शिव शक्तिरुपा ।।

ऋषिले भने ।१।

भाइ निशुम्भको मृत्यु प्राण तुल्य तथा अझै ।
सेनाको नाश देखेर शुम्भ भन्छ रिसाउँदै ।२।

बलिई छु भनी दुर्गे ! व्यर्थै सेखी नगर् अब ।
अर्काको भरमा लड्दी रहिछस् लौ बुझें सब ।३।

देवीले भनिन् ।४।

एक्ली छु विश्वमा अर्को को छ मेरो सिवाय र ?
मेरा रुप मिले मैमा तेरा आँखा फुटून् न त ।५।

अनि समस्त ब्रह्माणी अम्बिकाको शरीरमा ।
मिसिएर रहिन् देवी यौटै मात्र स्वरुपमा ।६।

देवीले भनिन् ।७।

ऐश्वर्य शक्तिले धेरै लिएँ रुप मिलें अब ।
एक्ली छु युद्धमा लड्न आ लौ ! रत्ति नहट् पर ।८।

ऋषिले भने ।९।

श्रोता र दैत्यको साम्नु हेर्दा-हेर्दै भयानक ।
देवी-दैत्य दुवैको नै संग्राम परिगो तब ।१०।

वाण वर्षे छुटे तीखा शस्त्र-अस्त्र भयङ्कर ।
दुवैमा चर्कियो युद्ध डऱ्यो संसार नै सब ।११।

दिब्य अस्त्र सयौं छोडिन् अम्बिकाले त्यहाँ अति ।
दैत्यले तेजिला वाण हानी काट्यो भए जति ।१२।

शुम्भका तेजिला अस्त्रलाई ता परमेश्वरी ।
गर्जना मात्रले धूलो पार्थिन् ती खेल झैं गरी ।१३।

हानी वाण सयौं देवीलाई ढाकेछ शुम्भले ।
देवी रिसाउँदै चट्ट काटिछन् धनु वाणले ।१४।

धनु ध्वस्त हुँदा दैत्य आयो शक्ति लिएर पो ।
देवीको चक्रले नष्ट दैत्यको हातमै भयो ।१५।

तरवार लिई अर्को जून झैं चम्कने अति ।
झम्टन्छ अम्बिकालाई दुष्ट दानवको पति ।१६।

सूर्य झैं चम्कने ढाल-तरवार छिटो गरी ।
खसालिन् वाण हानेर चण्डिकाले उसै घरी ।१७।

नाशिए सारथी-घोडा काटियो र धनुष् पनि ।
देवी मार्न भनी शुम्भ आयो मुद्‌ग्र लिएर नि ।१८।

त्यो पनि काटिछन् तीखा-तीखा वाण चलाउँदै ।
मुड्की ताकेर त्यो फेरि आयो फनफनाउँदै ।१९।

छाती ताकेर हानेछ मुड्कीले उग्र दैत्यले ।
देवीले पनि छातीमै हानिन् अत्यन्त जोडले ।२०।

लागी थप्परले मूर्छा भई भुँमा पछारियो ।
हत्तपत्त गरी दैत्य ब्युँझी फेरि उठेछ पो ।२१।

पुग्यो आकाशमा उफ्री देवीलाई लिएर नै ।
त्यही पनि निराधार लड्‌दथिन् चण्डिका उनै ।२२।

भयो आकाशमा युद्ध ती दुबैको परस्पर ।
परे बिस्मयमा पँले मुनि-सिद्धहरु सब ।३२।

धेरै बेर लडी फेरि अम्बिकाले उठाउँदै ।
फ्याँकिन् जमिनमा दुष्ट दैत्यलाई घुमाउँदै ।२४।

फ्याँके पछि पुगी भैंमा मुड्की ताकेर वेगले ।
मार्दछु चण्डिकालाई भन्दै दुष्ट कुद्यो अरे ।२५।

दौडदो दैत्यको राजालाई देवी गई अब ।
चिरेर शूलले छाती पछारिन् भुइमा तब ।२६।

शूलको चोटले प्राण-पखेरु निस्किएर त्यो ।
टापु, समुद्र, डाँडा र पृथ्वी हल्लाउँदैं लड्यो ।२७।

दुष्ट दैत्य मरेकोले प्रसन्न जगतै भयो ।
स्वस्थता सबले पाए आकाश स्वच्छ देखियो ।२८।

आँधी उत्पात ता शान्त भए पैले हुने सबैं ।
आफ्नो बाटो बगे खोला-नाला दैत्य मरेर नै ।२९।

रमायो चित्त द्यौताको सारै खुसीभए सब ।
गाए गन्धर्वले गीत मर्दा त्यो दुष्ट दानव ।३०।

बजाए कतिले बाजा नाचे ती अप्सराहरु ।
स्वच्छ हावा चल्यो, घाम तेजिला पो भए अरु ।३१।

निभेको यज्ञको आगो दन्कियो अब बेसरी ।
डरलाग्दा सबै शब्द भए शान्त दिशा भरी ।३२।

एघारौं अध्याय

ध्यान

ताज छ जून प्रभा रवि ताजा ।
पुष्ट दुबै स्तन तीन छ आँखा ।।

अंकुश पाश वरै र उज्याली ।
निर्भयकी म भजौं भुवनेशी ।।

ऋषिले भने ।१।

ध्वस्तै भयो दानव शक्तिबाट
इन्द्रादि द्यौता पनि अग्नि साथ
कात्यायनीको स्तुति गर्न थाले
साह्रै रमाए अनुकूलताले ।२।

गर्छ्यौं दया दुःख सबै हटाई
आमा सबैकी खुसहोउ माई !
प्रसन्नताले जगतै समाल !
संसारको बोज तिमी त खास ।३।

टेको तिमी हौ जगतै भरीकी
जमीनको रुप लिई बसेकी
लिएर देवी जलरुप सारा-
रसाउने शक्ति छ यो अपार ।४।

हौ वैष्णवी शक्ति तिमी अघोर
संसारको बीज र प्रीति-मोह

पाछ्यौ तिमी मोहित विश्वलाई
संसारमा मुक्ति दिने रमाई ।५।

हुन् भेद तिम्रै नि समस्त विद्या
नारीहरु हुन् सब रुप तिम्रा

पाछ्यौ नि आमा सब विश्व पूर्ण
को सक्छ तिम्रो स्तुति आज गर्न ।६।

स्वर्ग-मुक्ति दिले देवी भयौ सर्वस्वरुपिणी
यिनैको गरियो स्तोत्र बढी के अरु हुन्छ नि ।७।

सबैको चित्तमा देवी बस्ने बुद्धि स्वरुपले
स्वर्ग-मोक्ष दिने नारायणीलाई प्रणाम छ ।८।

बनी समयको चक्र परिवर्तन ल्याउने
संहार कारिणी नारायणीलाई प्रणाम छ ।९।

शिवा मङ्गलकी खानी सबैकार्य सपारने
गोरी त्रिनेत्रकी नारायणीलाई प्रणाम छ ।१०।

जन्म-पालन-संहार गर्ने शक्ति ननाशिने
गुण थाम्ने गुणो नारायणीलाई प्रण।म छ ।११।

शरणागतको कष्ट नाशी सुख दिलाउने
व्यथा पन्छाउने नारायणीलाई प्रणाम छ ।१२।

ब्रह्माणी रुपले बस्ने हाँसयुक्त विमानमा
कुश-पानी दिने नारायणीलाई प्रणाम छ ।१३।

माहेश्वरी भई जून त्रिशूल सर्प नै लिने
गोरुमा चढने नारायणीलाई प्रणाम छ ।१४।

मजूर कुखुरासाथ ठूलो शक्ति लिने तिमी
कुमारी रुपकी नारायणीलाई प्रणाम छ ।१५।

शंख-चक्र-गदा-शार्ङ्ग-अस्त्रले युक्त वैष्णवी-
रुपिणी खुस हौ नारायणीलाई प्रणाम छ ।१६।

उग्र चक्र लिने कल्याणी, पृथ्वी दाँतमा लिने
वराहरुपिणी नारायणीलाई प्रणाम छ ।१७।

नृसिहरुपले दैत्य मार्न पो तर्खराउँदी
विश्व बँचाउने नारायणीलाई प्रणाम छ ।१८।

आँखा हजारले युक्त किरीट वज्रधारिणी
ऐन्द्री वृत्रअरी नारायणीलाई प्रणाम छ ।१९।

शिवदूती भई दैत्य मार्ने उग्र स्वरुपकी
विछट्टै गर्जने नारायणीलाई प्रणाम छ ।२०।

मुण्डमाला लगाएकी लामोदारे भयानक
चण्ड-मुण्डजिता नारायणीलाई प्रणाम छ ।२१।

लक्ष्मी, लाज, स्वधा, श्रद्धा, विद्या, पुष्टि, ध्रुवा, महा-
रात्री, र मूर्खता नारायणीलाई प्रणाम छ ।२२।

विद्या, मेधा, वरा, काली, गौरी, ऐश्वर्य, संयमी,
स्वामिनी, खुस हौ नारायणीलाई प्रणाम छ ।२३।

सर्वव्यापी र मालिक्नी सम्पन्न सब शक्तिले
पार निर्भय हे देवी ! दुर्गालाई प्रणाम छ ।२४।

झल्कने मुख यो तिम्रो तीन आँखा सुशोभित
हाम्रो रक्षा गरुन् कात्यायनीलाई प्रणाम छ ।२५।

अत्यन्त तेजिलो तिम्रो त्रिशूल दैत्य नाशले
रक्षा हाम्रो गरोस् भद्रकालीलाई प्रणाम छ ।२६।

घण्ट जो विश्व घन्काई दैत्य तेज विनाशने
पापबाट बँचाओस् त्यो आमाले पुत्र झैं गरी ।२७।

तेजिलो हातको खड्ग बोसो-रगत लतपत
चण्डिका शुभहोस् हाम्रो तिमीलाई प्रणाम छ ।२८।

प्रसन्नमा पारिदिने निरोग
भत्काउने कार्य रिसाउँदा त
तिम्रो हुँदा आश्रित दुःख जाँदो
त्यो हुन्छ आधार समस्तको पो ।२९।

देवी लिई रुप अनेक आज
पापी सबै दैत्य गरी विनाश
गऱ्यौ तिमीले जुन यो चरित्र
को गर्न सक्ला अरु यो विचित्र ।३०।

विद्या तथा धार्मिक शास्त्रमाहा
तिमीविना को छ र वेदमाहाँ
अज्ञानको खाडल भित्र विश्व–
घुमाउने शक्ति तिमी त एक ।३१।

हुन्छन् जहाँ राक्षस उग्र सर्प
बैरी लुटेराहरूको समूह
ठूलो डढेलो र समुद्र मध्ये
जोगाउँछ्यौ विश्व तिमी असाध्ये ।३२।

देवी तिमी विश्व बचाउ गर्छ्यौं
आत्मा तिमी विश्व उठाउने हौ
छौ विश्वमा पूज्य र भक्त तिम्रा
आधार बन्छन् जगतै भरीका ।३३।

आमा ! प्रसन्न बन ! दैत्य सबै विनाशी
माया गऱ्यौ नि जसरी सबदेव माथि
उत्पात, पाप अनि रोग समस्तबाट
सम्पूर्ण लोककन मुक्त गराउ आज ।३४।

भक्तमाथि खुसी होऊ देवी ! दुःख विनाशिनी
साराकी पूज्य हौ देऊ प्रसाद जगतै भरी ।३५।

देवीले भनिन् ।३६।

हे द्यौताहरु हो माग आफ्नोइच्छा भएजति
दिन्छु त्यो विश्वको सारा उपकार हुने गरी ।३७।

देवताले भने ।३८।

हे ईश्वरी सबै बाधा हटाऊ तीन लोकको
मार वैरि सबै, तिम्रो यही नै मुख्य काम हो ।३९।

देवीले भनिन् ।४०।

मनु वैवस्वतैको नै युग अट्ठाइसौं हुँदा
जन्मने छन् दुई दैत्य नाम शुम्भ-निशुम्भका ।४१।

नन्दको घरमा माई यशोदाबाट जन्मिई
बसी विन्ध्याचलैमा नै मार्ने छु दुष्ट दैत्य ती ।४२।

लिएर रुप पृथ्वीमा फेरि पनि भयङ्कर
मार्छु दानव ती विप्रचित्तलाई समेत र ।४३।

विप्रचित्तहरुलाई खाँदा दाँत अनारको
फूल झैं हुन्छ औ रक्त दन्तिका नाम हुन्छ पो ।४४।

अनि ती स्वर्गका द्यौता पृथ्वीका सब मानिस
गर्नेछन् स्तोत्र ती सारा पुकारी रक्त दन्तिका ।४५।

सय वर्षभरी फेरि खडेरी पर्छ लोकमा
मुनिको स्तोत्रले रुप लिन्छु जन्मविना त्यहाँ ।४६।

सय आँखाहरुले नै हेर्नेछु मुनिवर्गमा
शताक्षी नामले मेरो होला भजन लोकमा ।४७।

शरीरबाट उब्जाई साग फेरि समस्तको
भोक मेटाउँला पानी पर्दैन जबसम्म त्यो ।४८।

अनि शाकम्भरी नाम होला प्रख्यात लोकमा
दुर्गम नामको दैत्य मार्नेछु म उसै क्षण ।४९।

अनि दुर्गा भनी नाम हुनेछ जगतै भरी
जब रुप लिई घोर बस्छु हिमालमा गई ।५०।

मुनि तर्साउने उग्र खानेछु सब राक्षस
सारै नम्रभई मेरो गर्नेछन् मुनिले स्तव ।५१।

प्रख्यात विश्वमा होला भीमा देवी प्रचार ता
जब अरुण त्यो दैत्य तीनै लोक सताउला ।५२।

छ खुट्टा युक्त त्यो रुप भ्रमराको लिईकन
भलो त्रैलोक्यको गर्न मार्नेछु दैत्य त्यो सुन ।५३।

भ्रामरी नामले स्तोत्र होला मेरो सबैतिर
जब वाधाहरु यस्ता पार्लान् दानवले नि त ।५४।

तब मैले अनेकौं त्यो अवतार लिईकन
सम्पूर्ण शत्रुको नाश गर्नेछु निश्चयै सुन ।५५।

बारौं अध्याय

ध्यान

सिंहमाथि बसी प्रभा छ विजुली झैं रुप तर्साउने ।
बोक्ने ढाल र खड्ग धेर अरु केटीले त सेवित् हुने ॥
बोकी चक्र गदा र खड्ग धनु ढालै पाश मुद्रा शर ।
दुर्गा अग्नि समानकी त्रिनयना सम्झौं शशी धारिणी ॥

देवीले भनिन् ।१।

एकचित्त भई पढ्ला जो यो स्तोत्र सँधैभरी
त्यसको म सबै बाधा नास्नेछु निश्चयै पनि ।२।

मधु–कैटभको नाश महिषासुरको बध
शुम्भ–निशुम्भ मारेको गाउला जो चरित्र त ।३।

अष्टमी, नवमी, चतुर्दशीमा एकचित्तले
मेरो माहात्म्य जो सुन्ला अत्यन्त भक्तिभावले ।४।

न लाग्ने छ कुनै पाप नमिल्ला फल पापको
दरिद्री पनि त्यो हुन्न हुन्न बन्धु वियोग त्यो ।५।

शत्रुको र लुराहाको राजाको शस्त्रको अनि
आगो पानी कुनैको नि डर हुन्न कसै गरी ।६।

त्यसैले पढ्नु यो मेरो महात्म्य एकचित्तले
अन्त्यमा हुन्छ कल्याण सुन्दैमा पनि भक्तिले ।७।

महामारीहरुबाट हुने सम्पूर्ण रोग ती
तीनै प्रकारको उत्का नष्ट यो गर्छ बेसरी ।८।

मेरो माहात्म्यको पाठ गरिन्छ नित्य नै जहाँ
छाड्ने छैन म त्यो ठाउँ सँधै बस्छु म ता त्यहाँ ।९।

बलि, पूजा तथा होम राम्रा उत्सव आदिमा
मेरो चरित्र यो सुन्नु सुनाउनु सबै महाँ ।१०।

जानेर वा नजानेर गर्ला जो बलि–अर्चना
त्यो सबै गर्छु स्वीकार प्रसन्न पारदै मन ।११।

पूजा गरिन्छ वर्षेनी दशैंको नवरात्रमा
त्यसै बेला सुनी मेरो माहात्म्य भक्तिले त्यहाँ ।१२।

बाधा पर्दैन सन्तान–सम्पत्ति सुखयुक्त नि
मेरो प्रसादले हुन्छ छैन शङ्का कुनै पनि ।१३।

मेरो उत्पत्ति, माहात्म्य तथा युद्ध–पराक्रम
सुनी पवित्र त्यो मान्छे हुन्छ निर्भय लोकमा ।१४।

मेरो माहात्म्य सुन्नेको शत्रुनाश भई सबै
पाई कल्याण आनन्द होला त्यो कुलमा त है ! ।१५।

शान्तिको काममा फेरि नराम्रो स्वप्न देखँदा
सुन्नु माहात्म्य यो धेरै संकष्ट ग्रहले दिंदा ।१६।

नाशिन्छन् ग्रहको दोष विघ्नबाधाहरु सब
नराम्रा सपना हुन्छन् राम्रा मंगल दायक ।१७।

बच्चाका ग्रहको दोष सम्पूर्ण नाश गर्दछ
मान्छेको झगडालाई राम्रो मेल गराउँछ ।१८।

दुरात्मा दुष्टको शक्ति सकिन्छ पाठ यो गरे
राक्षस भूत प्रेतादि नाशिन्छन् पाठमात्रले ।१९।

बखान सब यो मेरो मलाई नजिक्याउँछ
पूजा-आजा गरी जस्ले फेरि बलि चढाउँछ ।२०।

खवाई बाहुन औ होम नित्यको अभिषेकले
धेरै नैवेद्य औ दान एक वर्षभरी गरे ।२१।

जति हुन्छु खुसी त्यो ता पाठमात्रै सुने पनि
पुग्छ पाप भई नाश स्वास्थ्यलाभ हुने छ नि ।२२।

नाशिन्छ भूतको बाधा गर्दा कीर्तन जन्मको
चरित्र युद्धको मेरो नाश गर्नेछ दैत्यको ।२३।

सुन्दामा मात्र, बैरीको नाश हुन्छ मनुष्यको
तपाईंहरू औ ब्रम्हर्षिबाट स्तोत्र जो भयो ।२४।

ब्रम्हाबाट भएको त्यो स्तोत्रले बुद्धि बढ्दछ
डढेलो वनमा बाटामा एक्लो जुन पर्दछ ।२५।

डाँकाले घेरिंदा एक्लै शत्रुको हातमा परो
सिंहको, बाघको, हात्तीको अगाडि परे पनि ।२६।

रिसाई मार्न वा थुन्न राजाबाट लगाइँदा
तर्दा सागर नौकामा आँधीले डगमगाउँदा ।२७।

ठूलो संग्राममा अस्त्र-शस्त्रले घाइते हुँदा
धेरै बाधाहरू पर्दा पीडाले मन पिल्सिँदा ।२८।

चरित्र संझँदा मेरो छुट्ने छन् सब संकट
मेरो प्रभावले सिंह–शत्रु–डाँकाहरू सब ।२९।

भाग्ने छन् ती परैबाट देखी त्यो जुन मानिस
मेरो चरित्रको ध्यानगरी बस्छ मजासित ।३०।

ऋषिले भने ।३१।

यस्तो यो सब बृत्तान्त द्यौतालाई भनेपछि
अत्यन्त बलियी चण्डीदेवी भगवती पनि ।३२।

अन्तर्ध्यान भइन् सारा देवताको अगाडि नै
भयमुक्त भई द्यौता अधिकार लिई सबै ।३३।

शत्रु सारा मरेकाले भेट्टाए यज्ञ भाग ता
देवीबाट लडायींमा शुम्भको प्राण निस्कदा ।३४।

संसार नाशले देवीबाट उग्र पराक्रमी
मऱ्यो निशुम्भ, बाँकी ता पुगे पातालमा अनि ।३५।

नित्यछिन् तर ती देवी अनेकौं अवतारमा
भई प्रकट हे राजन् विश्व जोगाउँछिन् मुमा ।३६।

सारा विश्व उनैबाट जन्मिन्छ हुन्छ मोहित
माग्दा खुसी भई दिन्छिन् विज्ञान अनि ऋद्धि त ।३७।

महा प्रलयमा बस्ने महामारी स्वरुपले
महाकाली उनै व्याप्तछिन् यो ब्रह्माण्डमा बुझे ।३८।

महामारी उनी नै हुन् अजन्मा जन्मिने उनै
रक्षा संसारको गर्ने देवी सनातनी उनै ।३९।

फिर्दा सुदिन मान्छेको धन वर्षाउने उनै
दरिद्ररुपले दुःख पर्दा रित्याउने उनै ।४०।

स्तुति गर्दा गरीपूजा फूल चन्दन धूपले
दिन्छिन् सम्पत्ति-सन्तान सुबुद्धि गति उच्च रे ।४१।

तेरौं अध्याय

ध्यान

कलिलो घाम झैं तेज चारहात त्रिलोचना।
अंकुसे पाश मुद्राधारी भजौं अब ती शिवा ।।

ऋषिले भने ।१।

देवी माहात्म्य यो राजन् ! भनें जो अति उतम
विश्व थाम्ने उनै देवीको प्रभाव सबै सुन ! ।२।

जो दिन्छिन् ज्ञान, ती विष्णु मायाको नै प्रभावले
तिमी वैश्य तथा कैयौं बुद्धिमानीहरु हरे ! ।३।

थिए मोहित, छन् लट्ठ, पर्नेछन् मोहमा सब
पर्नुहोस् हे महाराज ! दुर्गा-शरणमा अब ।४।

गर्दा आराधना सारा मान्छेलाई उनी सदा
भोग-स्वर्ग तथा मोक्ष दिन्छिन् साह्रै खुसी हुँदा ।५।

मार्कण्डेय भन्दछन् ।६।

क्रौष्टुकी सुन ! यस्तो यो देवी माहात्म्यको कुरा
सुनी सुरथ राजाले मेधाको मुखबाट ता ।७।

तपस्वी मुनिमा मुण्टो झुकाई ढोग गर्दछन्
गएको राज्यको स्नेहले खिन्न मन पार्दछन् ।८।

भई विरक्त राजा र वैश्य लागे नदी-तिर
तपस्या जगदम्बाको गर्न लागे मजैसित ।९।

नदी किनारमा वैश्य देवीको शूक्त जप्दथे
दुबैले मूर्ति देवीको माटाको स्थापना गरे ।१०।

देवीको अर्चना गर्दै गरे होम र तर्पण
वर्त गर्दै गरे चित्त देवीलाई समर्पण ।११।

वलि दिन्छन् भवानीमा जिउ काटेर नै अहो !
गर्दा गर्दै तपस्या यो तीन वर्ष वितेछ पो ।१२।

विश्वलाई उठाएकी देवी ती चण्डिका पनि
दिई दर्शन प्रत्यक्ष दुबैलाई भनिन् अनि ।१३।

देवीले भनिन् ।१४।

हे वैश्य कुलका श्रेष्ठ फेरि राजा तिमी पनि
मबाट माग लौ दिन्छु आफ्नो इच्छा भएजति ।१५।

मार्कण्डेयले भनै ।१६।

राजाले राज्य त्यो स्थायी मागे अर्को जुनी भरी
शत्रुनाश तथा राज्य मागेछन् हालको पनि ।१७।

ज्ञानी–विरक्त ती वैश्य माग्छन् ज्ञान उनीसित
आशक्ति र अहङ्कार नाशिन्छन् जसबाट त ।१८।

देवीले भनिन् ।१९।

हे राजन् अब ता थोरै दिनमा नै छिटोसित
आफ्ना राज्यहरु सारा मिल्नेछ सजिलोसित ।२०।

शत्रु सम्पूर्ण ती तिम्रा मारिनाले गरीकन
गिगो त्यो राज्यको भोग रहनेछ सदादिन ।२१।

मरे पछि गई जन्म पाउने छौ मनुष्यको
विवस्वान् सूर्यको अंशबाट हुन्छ प्रसिद्ध त्यो ।२२।

सावर्णिक प्रसिद्धै त्यो मनु नाम भएर नि
होला प्रचार ससारभरमा व्याप्त त्यो त नि ।२३।

हे वैश्य मनमा आफ्नो इच्छा राखेर जे पनि
मबाट वर जो माग्यौ तिमीले अहिले त नि ।२४।

दिन्छु त्यो म सबै आज वरदान यसै घरी
ज्ञान पाएर त्यो दिव्य मुक्त हुन्छौ सरासरी ।२५।

मार्कण्डेयले भने ।२६।

यसरी ती भवानीले दुबैको मनमा जति–
थियो इच्छा सबै पूरा पारिन् तत्काल नै त्यति ।२७।

भक्तिले स्तोत्र गर्दा ती अन्तर्ध्यान भइन् झट
यसरी वर पाएथे राजा र वैश्यले सब ।२८।

अनि क्षत्रियमा श्रेष्ठ सूर्यको वंशमा उनै
सावर्णि मनुको नाम छँदैछ विश्वमा अझै ।२९।

उत्तर न्यास

यो नवार्ण मन्त्रको ब्रह्मा विष्णु रुद्रऋषिहरु हुन् गायत्री उष्णिक् र अनुष्टुप् छन्दहरु हुन्, श्री महाकाली, महालक्ष्मी र माहासरस्वती देवता हुन्, ऐं बीज हो, ह्रीं शक्ति हो, क्लीं कीलक हो, श्री महाकाली महालक्ष्मी र महासरस्वतीको प्रसन्नताको निम्ति जपमा विनियोग गरिन्छ।

ऋष्यादि न्यास

ब्रह्मा, विष्णु र रुद्र ऋषिहरुलाई नमस्कार !

(शिरमा छुने)

गायत्री, उष्णिक् र अनुष्टुप् छन्दहरुलाई नमस्कार !

(मुखमा छुने)

महाकाली, महालक्ष्मी र महासरस्वती देवताहरुलाई नमस्कार !

(चित्तमा छुने)

ऐं बीजलाई नमस्कार ! ... ... (गुदामा छुने)

ह्रीं शक्तिलाई नमस्कार ! ... ... (दुबै गोडामा छुने)

क्लीं कीलकलाई नमस्कार ! ... ... (नाइटोमा छुने)

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ... ... (हातशुद्ध गर्ने)

करन्यास

ओं ऐं बूढी औंलाहरुलाई नमस्कार ! (दुबै बूढी औंलामा छुने)

ओं ह्रीं चोरी औंलाहरुलाई नमस्कार (दुबै चोरी औंलामा छुने)

ओं क्लीं माझी औंलाहरुलाई नमस्कार (दुबै माझी औंलामा छुने)

ओं चामुण्डायै साँहिली औंलाहरुलाई नमस्कार

(दुबै साँहिली औंलामा छुने)

ओं विच्चे कान्छी औंलाहरूलाई नमस्कार

(दुवै कान्छी औंलामा छुने)

ओं ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे हातको अगाडि पछाडिलाई नमस्कार (हत्केलाको दुवैतिर छुने)

हृदयादिन्यास

ओं ऐं हृदयलाई नमस्कार ! (हृदयमा छुने)

ओं ह्रीं शिरलाई स्वाहाकार ! (टाउकोमा छुने)

ओं क्लीं शिखालाई वषट्कार ! (टुपीको शिखा छुने)

ओं चामुण्डायै कवचलाई हुँकार ! (दुवै काँधमा छुने)

ओं विच्चे तीनै आँखाहरूलाई वौषट्कार !

(आँखा र निधारको बीचमा छुने)

ओं ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे अस्त्रलाई फट्कार !

(हात पछाडिबाट घुमाएर ताली मार्ने)

अक्षरन्यास

ओं ऐं नमस्कार ! (शिखामा छुने)

ओं ह्रीं नमस्कार ! (दाहिने आँखामा छुने)

ओं क्लीं नमस्कार ! (देब्रे आँखामा छुने)

ओं चां नमस्कार ! (दाहिने कानमा छुने)

ओं मुं नमस्कार ! (देब्रे कानमा छुने)

ओं डां नमस्कार ! (नाकको दाहिने प्वालमा छुने)

ओं यैं नमस्कार ! (नाकको देब्रे प्वालमा छुने)

ओं वीं नमस्कार ! (मुखमा छुने)

ओं च्चें नमस्कार ! (गुदाना छुने)

(मूलमन्त्र पढी सबै शरीरमा छुने)

दिङ्न्यास

ओं ऐं पूर्वलाई नमस्कार !

ओं ऐं आग्नेयलाई !

ओं ह्रीं दक्षिणलाई नमस्कार !

ओं ह्रीं नैऋत्यलाई नमस्कार !

ओं क्लीं पश्चिमलाई नमस्कार !

ओं क्लीं वायव्यलाई नमस्कार !

ओं चामुण्डायै उत्तरलाई नमस्कार !

ओं चामुण्डायै इशानलाई नमस्कार !

ओं ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे उँभोलाई नमस्कार !

ओं ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे भूमिलाई नमस्कार !

ध्यान

खडगै शूल गदा छडी शिर धनुष् चक्रै तथा बन्दुक ।
बाणै शंख लिने झपक्क गहना छन् तीन आँखा नि त ।
नीलोवर्ण दशै छ पाउ–मुख सेवा कालिकाको छ र ।
सुत्दा विष्णु भजे हिजो त विधिले मार्नै मधुकैटभ ।
हातैमा धनु कुण्डिका कमल औ माला छ रुद्राक्षको ।
लौरो शक्ति गदा गिलास अनि ढालै शंख घण्टा निको ।

डोरी शूल र चक्र वाण तवारै वज्र औ वञ्चरो ।
लक्ष्मी भज्छु प्रसन्न जो महिष मार्ने आशनै पद्मको ।
घण्टा शूल हलो धनुष्, मुसल वाणै शंख चक्रै लिने ।
राम्रो त्यो अनुहार ता शरदको चन्द्रै सरी झलकने ।
गौरीबाट त निस्किई जगतको आधाररुपा बनो ।
मार्ने शुम्भ-निशुम्भ जो सरस्वतीज्यूमा लगाउँ मति ।

यस पछि रुद्राक्षको माला लिएर "ऐं ह्रीं रुद्राक्ष मालालाई नमस्कार भनेर मालाको पूजा गरी तलको मन्त्रले प्रार्थना गर्ने :-

ओं हे माला हे महामाया सम्पूर्ण शक्ति रुपिणी ।
तिमीमा वर्ग चारैछन् बन सिद्धि ममा दिने ।।
ओं निर्विघ्न गर हे माला दायाँ यो लिन्छु हातमा ।
जपमा सिद्धिको निम्ति प्रसन्न होउ लौ ममा ।।

ओं सुसिद्धि देउ देउ ! हे सर्व मन्त्रको साधनरुपी सर्व साधना सिद्ध गर ! गर ! संपूर्णसिद्धिको कल्पना गर ! गर ! हे भक्ष-मालाधिपति तिमीलाई मेरो स्वाहाकार छ ।

अब "ओं ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे" यो मूलमन्त्रको १०८ पटक जप गर्ने ।

अत्यन्त गोप्य छ्यौ लेउ तिमी मेरो सर्व जप ।
मिलोस् सिद्धि ममा तिम्रो दयाले हे महेश्वरी ।।

करन्यास

ओं ह्रीं बूढी औंलाहरूलाई नमस्कार– (दुवै बूढी औंलामा छुने)

ओं चं चोरी औंलाहरूलाई नमस्कार– (दुवै चोरी औंलामा छुने)

ओं डि माझी औंलाहरूलाई नमस्कार– (दुवै माझी औंलामा छुने)

ओं कां साइली औंलाहरूलाई नमस्कार– (दुवै साइली औंलामा छुने)

ओं यैं कान्छी औंलाहरूलाई नमस्कार– (दुवै कान्छी औंलामा छुने)

ओं ह्रीं चण्डिकायै हातको दुवै तर्फलाई नमस्कार– (हत्केलाको दुवैतिर छुने)

हृदयादिन्यास

ओं खड्ग शूल गदा चक्र शंख वाण धनुष् लिने
बन्दुक परिध धारी डरलाग्दो स्वरूपकी– हृदयलाई नमस्कार !

ओं शूलले खड्गले हाम्रो रक्षा हे अम्बिका गर–
घण्टको शब्दले फेरि धनुष्टंकारले गर– शिरलाई स्वाहाकार !

ओं पूर्व पश्चिम दखिखनमा रक्षा चण्डिका गर–
घुम्दै शूल लिई उत्तर्मा रक्षा ईश्वरी गर– शिखालाई वषट्कार !

ओं ती तीनै लोकमा रूप राम्रा अनि भयङ्कर–
त्योदेखि पनि रक्षा त हाम्रो र विश्वको गर– कवचलाई हुँकार !

ओं खड्ग शूल गदा आदि ती सबै हातमा लिई
अनेकौं अस्त्रले हाम्रो गर रक्षा महेश्वरी–आँखाहरुलाई वौषट्कार !

ओं सर्वव्यापी र मालिकनी सम्पन्न सब्र शक्तिले
पार दिर्भय हे देवी ! दुर्गालाई प्रणाम छ –अस्त्रलाई फट्कार !

ध्यान

सिंहैमाथि बसी प्रभा छ विजुली झैं रुप तर्साउने ।
बोक्ने ढाल र खड्ग घेर अरु केटीले त सेवित् हुने ।।
बोकी चक्र गदा र खड्ग धनु ढालै पाश मुद्रा शर ।
दुर्गा अग्नि समानकी त्रिनयना सम्झौं शशी धारिणी ।।

क्षमा प्रार्थना

।१।

न सक्छु आमा स्तुतिगर्न तिम्रो
न ध्यान नै सक्छु गर्न उस्तो ।
जानीन पूजा पनि गर्न मैले
मागें दयाको भिख मात्र ऐले ।।

।२।

कुकर्म हुन्छन् कति नै मबाट
सत्कर्म गर्ने पनि छैन आँट ।
सकिन्छ यो आयु यसै गरेर
म रुन्छु आमा पगमा परेर ।।

।३।

गर्रें कुनै काम भनें म व्यर्थ
घमण्ड पो गर्दछु त्यो अनर्थ ।
रहेछ त्यो ता सब तुच्छ कर्म
सम्झेर नै हुन्छ विछट्ट सर्म ।।

।४।

न बुद्धि चोखो न छ चित्त साफ

निर्बुद्धि भै मागिरहेछु माफ ।

गरेर आमा सब दोष चूर्ण

लगाइबक्स्योस् अब दृष्टि पूर्ण ।।

।५।

जानेर नै होस् अथवा नजानी

विहोस वा होस सवै छँदा नि ।

भए नि मेरा जति पाप काम

परें म पाउ गर मुक्त आमा ।।

।६।

अशुध्द मात्रा जति भो मबाट

पदै छुट्यो वा कति छंद भङ्ग ।

भए सबै माफ गरी भवानी

दया मलाई गर दास जानी ।।

चण्डीको आरती

ओं जय दुर्गे चण्डी, मुमा जय मङ्गल चण्डी

गर्दछु ध्यान म तिम्रो, पर्दछु शरण म तिम्रो

छु म तर मन्दमती ॐ जय दुर्गे चण्डी

हात छ आठ सुकोमल कान्ति छ पूर्ण प्रभा। मुमा कान्ति छ ·········

आँखा तीन विशाल छ...२, अति सुन्दर शोभा। ॐ जयदुर्गे ·········

ब्रह्मा विष्णु महेश्वर, सबकी पूज्य तिमी। मुमा सबकी ··········

आस-भरोसा सबको... २, मनमा शान्ति दिने। ॐ जयदुर्गे ······

मधुकैटभकन मार्यौ, मनमा मोह रची। मुमा मनमा ···········

महिषासुर पनि मरिगो .. २, सेखी तुजुक गरी। ॐ जय दुर्गे ·····

सारा असुर निखार्यो, भुसुना झैं सब ती। मुमा भुसुना ·········

रक्तबीज पनि चाट्यौ ... २, अद्भुत रुपलिई। ॐ जय दुर्गे ······

तिमीमा विश्व समस्त छ, तिमी छ्यौ जगतभरि। मुमा तिमी ······

तिमी विना अरु को छ र... ? चौधै भुवन भरी। ॐ जय दुर्गे ·····

सज्जन भक्तहरुमा करुणा दृष्टि दिने। मुमा करुणा ··········

पापी दानव सबको... २, छिनमै प्राण लिने। ॐ जय दुर्गे ·········

तिमी हौ सुखकी खानी, म छु अतिशय कुमती। मुमा म छु ·······

होऊ प्रसन्न हे आमा .. २, भुल सब माफ गरी। ॐ जय दुर्गे ······

मनको मयल हटाई देऊ सुबुद्धि ममा। मुमा देऊ ··············

निर्मल भक्ति दिईवन .. २, लेऊ शरणमहाँ। ॐ जय दुर्गे ·······

Acc. 22148 22148

यस पुस्तकमा भएका अशुद्धिहरू

पेज	लाइन	अशुद्ध	शुद्ध
	१८	तथ्य	तथ्य
८	३	नहानें	नहार्नें
१६	१३	मार्ने	मार्नें
१८	२३	अम्नि	अग्नि
२०	१३	गती	गरी
२२	१३	गर्छु	गर्दछु
२४	१	वितेकी	विवेकी
"	५	यो	यी
"	१५	ममा	मुमा
"	१८	ठूसी	ठूली
२५	१	कामको	कामहो
"	६	रवन्छिन्	रन्छिन्
२६	४	गर्डछन्	गर्दछन्
२७	१६	दुबको	दुबैको
२९	१७	दत्य	दैत्य
३२	१७	ता	ती
३५	४	थ	थे
"	१६	न	नै
३६	१८	ताल	ताज
३८	१	मेना	सेना
"	१५	वास्कन	वास्कल
३९	१	सेना ध्वस्त	सेना सबै ध्वस्त
"	१५	रिसाह	रिसाहा
४६	३	दक्षिमा	दक्षिणम

पेज	लाइन	अशुद्ध	शुद्ध
३९	१७	कसिन	कसिन्
४३	१६	स्वर्य	स्वय
"	"	रहयो	रह्यो
"	१८	नुख	मुख
४६	३	पश्मिम	पश्चिम
५०	२	प्रणाल	प्रणाम
५१	२	प्रणाम	प्रणामै
५२	२	प्राणम	प्रणाम
"	३	प्रणीमा	प्राणीमा
५९	१२	पद्मा	पद्म
"	१७	इत	दूत
"	१८	लोचनमा	लोचनैमा
६१	२	कञ्चरा	वञ्चरा
७३	१४	चाड	चाँडै
७४	६	ताँतो	ताँदो
७८	१०	मुङग्रा	मुङग्रो
८७	१६	लुराहा	लुटाहा
९३	९	गिगो	दिगो
९५	१०	नुखमा	मुखमा
"	१६	विक्चे	विच्चे
९७	६	वक्षिण	दक्षिण
९८	१	तवाररै	तरवारै
"	१४	भक्ष	अक्ष
९९	१५	शिक्षा	शिखा

No 2